वर्ष : १७, अंक : ३४, काठमाडौं, २०७८ मंसिर २४ गते शुक्रबार, 10 December 2021, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse@gmail.com

# मधेशको आँखाबाट कांग्रेस महाधिवेशन नियाल्दा

## मधेशमाथि गर्व गर्ने कांग्रेसले मधेशलाई नै बन्धक बनाएको छ

मधेशवाणी डेस्क

काठमाडौं । नेपाली कांग्रेसको १४ औं केन्द्रीय महाधिवेशन मंसिर शुक्रबार २४ देखि २७ गतेसम्म काठमाडौंको भृकुटीमण्डपमा आयोजना हुँदैछ । कांग्रेसको केन्द्रीय निर्वाचन समितिका अनुसार केन्द्रीय कार्य समितिको निर्वाचनका लागि यही मङ्सिर २४ गते हुनेछ ।

कांग्रेस केन्द्रीय कार्यसमितिका लागि एक सभापति, दुई उपसभापति, दुई महामन्त्री, आठ सहमहामन्त्रीको निर्वाचन हुने व्यवस्था छ । कोषाध्यक्ष भने निर्वाचित केन्द्रीय सदस्य मध्येबाट निर्वाचित हुने व्यवस्था छ। यसैगरी ३५ खुला केन्द्रीय सदस्य, महिला नौ, प्रत्येक प्रदेशबाट तीन जनाका दरले २१, दलित नौ, आदिवासी/जनजाति १५, खस/आर्य १३, मधेसी नौ, थारू चार, मुस्लिम तीन, पिछडिएको क्षेत्रबाट एक, अल्पसङ्ख्यकबाट एक, अपाङ्गबाट एक सदस्य गरी कूल १३४ पदाधिकारी तथा सदस्यको निर्वाचन हुने विधानको व्यवस्था छ । यसबाहेक केन्द्रीय सभापतिले ३३ जना मनोनित गर्ने विधानमा उल्लेख छ ।

महाधिवेशनअन्तर्गत कांग्रेसले छ प्रदेशमा प्रदेश अधिवेशन सम्पन्न गरिसकेको छ । प्रदेश अधिवेशनबाट प्रदेश कार्य समितिसहित सुदूरपश्चिम प्रदेश सभापतिमा वीरबहादुर बलायर, कर्णाली प्रदेश सभपातिमा ललितजङ्ग शाही, लुम्बिनी प्रदेश सभापतिमा अमरसिंह पुन, गण्डकी प्रदेश सभापतिमा शुक्रराज शर्मा, वाग्मती प्रदेश सभापतिमा इन्द्र बानियाँ र प्रदेश नं १ को सभापतिमा उद्धव थापा निर्वाचित भएका छन् । कांग्रेसको प्रदेश नं २ को प्रदेश अधिवेशनको उद्घाटन भएपनि नेतृत्व चयनका लागि निर्वाचन हुन बाँकी छ ।

यसैगरी कांग्रेसले १४औं महाधिवेशनअन्तर्गत हालसम्म ६१ जिल्लामा पार्टीको जिल्ला अधिवेशन सम्पन्न गरेको भने १६ जिल्लाको अधिवेशन हुन बाँकी रहेको गरेको समिति सचिव जगन्नाथ श्रेष्ठले जानकारी दिए । सिन्धुली, सिन्धुपाल्चोक, मकवानपुर, चितवन, नवलपुर (बर्दघाट सुस्ता पूर्व), बाँके, अछाम, कैलाली, तथा प्रदेश नं २ का आठ जिल्लाहरू सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सामा कांग्रेसको जिल्ला अधिवेशन हुन बाँकी छ ।

यसबाहेक कांग्रेसले सबै जिल्लाका कूल १६५ प्रतिनिधिसभा निर्वाचन क्षेत्र र ३३० प्रदेशसभा निर्वाचन क्षेत्रमा क्षेत्रीय अधिवेशन सम्पन्न गरिसकेको छ ।

**मधेश र कांग्रेस**

नेपाली कांग्रेसको प्रमुख आधार क्षेत्रको रूपमा मधेश नै हो । जहाँबाट कांग्रेसले मुलुकको परिवर्तनका लागि ठूलाठूला संघर्षका विगुल बजाएको थियो । मधेशका जिल्लाहरूमध्ये यस्ता कुनै जिल्ला छैन जहाँ लोकतान्त्रिक आन्दोलनको कुनै न कुनै काम नभएको होस् ।

पूर्वमहामन्त्री महेन्द्रनारायण निधिका साथ सहिदहरू दुर्गानन्द झा, सरोज कोइराला जस्ता महान् योद्धाहरू त्यही मधेशकै भूमिले जन्माएको हो । २००७ सालदेखि २०६२-०६३ सालको आन्दोलनसम्मको लामो कलखण्डमा मधेशमा नेपाली कांग्रेसको एकछत्र राजनीतिक वर्चस्व थियो । १० वर्षे माओवादी युद्धकालमा राज्य अस्तव्यस्त भएको अवस्थामा पनि माओवादीको खासै प्रभाव मधेश क्षेत्रमा परेको थिएन । २००७ सालको राणाशासनविरोधी आन्दोलनपछिको प्रजातन्त्र प्राप्तिको घटना, २०१७ संसद विघटनको घटना, २०१८ सालको विद्रोह, २०३६-०३७ सालको जनमत संग्रह, २०४२ सालको सत्याग्रह हुँदै विसं २०४६ सालको अहिंसात्मक जनान्दोलनद्वारा प्रजातन्त्र प्राप्तिको निम्ति मधेशको योगदान स्मरणीय छ । त्यसैले नेपालको राजनीतिक वृत्तमा मधेशलाई ‘नेपाली कांग्रेसको भोट बैंक’ मानिन्छ ।

मधेशमा कांग्रेसको वर्चस्व कायम गराउ महेन्द्रनारायण निधि, रामनारायण मिश्र, बोधप्रसाद उपाध्याय, महेश्वर सिंह, सरोज कोइराला, रूद्रप्रसाद गिरी, भोजराज घिमिरे, वेणीमाधव सिंहजस्ता नेताहरूको भूमिका अग्रपंक्तिमा रहने गर्दथ्यो ।

२०१७ सालको राजा महेन्द्रको राष्ट्रघाती कदमको विरोध गर्नमा पनि महोत्तरीको ( धनुषा, सर्लाही, महोत्तरीको एकीकृत नामकरण) भूमिका अग्रपंक्तिमा थियो ।

२००७ साल कात्तिक २६ गतेदेखि नेपाली कांग्रेसले देशमा जनक्रान्ति प्रारम्भ गऱ्यो । कृष्णप्रसाद भट्टराई र रूद्रप्रसाद गिरीको नेतृत्वमा गएको जनमुक्ति सेनाले २००७ सालको मंसिरमा उदयपुर र जनकपुर कब्जा गऱ्यो । महेन्दनारायण निधिलगायतको एउटा ठूलो समूहको सक्रिय सहभागितामा उक्त जनक्रान्तिले राणाहरूको एक बलियो किल्लाको रूपमा रहेको जनकपुरमा विजय हासिल गऱ्यो र माघ ४ गते जनकपुरमा नेपाली कांग्रेसले जनसरकारको गठन गऱ्यो । त्यो सरकारको गभर्नर रूद्रप्रसाद गिरी र सरकार प्रमुख अर्थात् तराई जनसरकारको प्रधानमन्त्रीको रूपमा महेन्द्रनारायण निधिलाई चयन गरिएको थियो ।

२००७ साल असोजमा बैरगिनियामा नेपाली कांग्रेसको सम्मेलन भयो । त्यो सम्मेलनले सशस्त्र क्रान्ति गर्ने निर्णय गऱ्यो । त्यसबेला जनकपुर क्षेत्रलाई देशभित्र नेपाली कांग्रेसको संगठनको सबैभन्दा मजबुत क्षेत्र मानिन्थ्यो । नेपाली कांग्रेसको अधिवेशनको इतिहास पल्टाएर हेर्दा पहिलो अधिवेशन कलकत्ताको भवानीपुरमा, दोस्रो अधिवेशन बनारसमा, तेस्रो अधिवेशन दरभंगामा भएको थियो । पार्टी एकीकरणपछि नेपाली कांग्रेसमा रूपान्तरण भएर कलकत्ताको टाइगर सिनेमा हलमा सम्पन्न गरिएको अधिवेशनलाई चौथो महाधिवेशन मानिएको छ ।

देशमा प्रजातन्त्र स्थापित भएपछि नेपाली कांग्रेसको पाँचौं महाधिवेशन २००९को जेठमा जनकपुरमा सम्पन्न भएको हो । जुन महाधिवेशन नेपाली कांग्रेसको देशभित्र भएको पहिलो महाधिवेशन हो ।

पूर्वराष्ट्रपति डा. रामवरण यादवलगायत आनन्दप्रसाद ढुंगाना, लीला कोइराला,

बाँकी अन्तिम पृष्ठमा




## प्रदेश २ बाट ७०५ प्रतिनिधि

काठमाडौं । प्रदेश २ बाट नेपाली काँग्रेसको १४ औं महाधिवेशनमा ७०५ जना महाधिवेशन प्रतिनिधि सहभागी हुने निश्चित भएको छ ।

प्रदेश २ काँग्रेस सभापतिका उम्मेदवार विमलेन्द्र निधिको गृह जिल्ला समेत हो । निर्वाचन समितिले सार्वजनिक गरेको प्रतिनिधिको प्रारम्भिक सूचीअनुसार सप्तरीका ४ वटा निर्वाचन क्षेत्रबाट १०४ प्रतिनिधि सहभागी हुनेछन् भने सिराहाको ४ निर्वाचन क्षेत्रबाट १०५ प्रतिनिधि सहभागी हुनेछन् ।

धनुषाबाट १०४ जना मतदाताको सहभागिता रहने छ भने महोत्तरीबाट पनि १०४ जनाकै सहभागिता रहनेछ । यस्तै रौतहटबाट ८१, बाराबाट १०४ र पर्साबाट १०३ जना प्रतिनिधि चयन भएका छन् ।

महोत्तरी क्षेत्र नम्बर ३ तथा सर्लाहीको ४ वटा निर्वाचन क्षेत्रको प्रतिनिधि सूची भने प्राप्त भइनसकेको काँग्रेस निर्वाचन समितिले जनाएको छ । प्रदेश २ मा सुरूदेखि नै विभिन्न जिल्लामा अधिवेशन गर्नेसम्बन्धमा विवाद रहेको थियो भने विवादकै कारण प्रदेश अधिवेशन समेत स्थगित गरिएको छ ।

## विघटित स्वतन्त्र मधेश गठबन्धनका प्रभावशाली नेता यादव लोसपामा प्रवेश



काठमाडौं। डा.सीके राउतको तत्कालीन स्वतन्त्र मधेश गठबन्धनका प्रभावशाली युवा नेता जासर यादव लोकतान्त्रिक समाजवादी पार्टी नेपालमा प्रवेश गरेका छन्। मंगलबार सिंहदरबारस्थित लोसपाको संसदीय दलको कार्यालयमा अध्यक्ष महन्थ ठाकुरले यादवलाई पार्टी प्रवेश गराएको केन्द्रीय कार्यकारिणी समिति सदस्य डा.सुरेन्द्र झाले मधेशवाणीलाई जानकारी दिए ।

डा.सीके राउतले स्वतन्त्र मधेश गठबन्धनलाई विघटन गरेपछि यादव राजनीतिबाट अग्गिएका थिए । उनी मधेशमा कृषि क्रान्ति अभियान सञ्चालन गर्दै आएका छन् । लोसपामा प्रवेश गरेपछि प्रतिक्रिया दिँदै उनले भने, ‘ उहाँको अडान र मुद्दा प्रष्ट छ । उहाँ कहिल्यै पनि मुद्दासँग सम्झौता गर्नुभएन । त्यसैले मधेशप्रति समर्पित पार्टी लोसपा नै हो । भविष्यमा लोसलाले नै मधेशको मागहरू सम्बोधन गराउन सक्छ ।’

## शहरी विकासमन्त्रीको प्रेस संयोजक नेउपाने



काठमाडौं । शहरी विकासमन्त्री रामकुमारी झाक्रीको प्रेस संयोजकमा सञ्चारकर्मी कान्ति नेउपाने नियुक्त भएकी छन् । उनी शहरी विकास क्षेत्रमा लामो समयदेखि कलम चलाउँदै आएकी छन् । पत्रकारिताको सिद्धान्त र मर्यादाभित्र रहेर आफू आफ्नो जिम्मेवारीलाई निष्ठापूर्वक निर्वाह गर्ने उनी बताउँछिन् । आफूले गर्दै आएको कामको उचित मूल्यांकन गर्दै मन्त्री झाक्रीबाट प्रेस संयोजकको जिम्मेवारी पाएकोमा धन्यवाद तथा आभारसमेत प्रकट गरेकी छन् ।

## विमलेन्द्र निधि : न ओज न शक्ति, तैपनि सभापति उम्मेदवार

काठमाडौं । नेपाली कांग्रेसका उपसभापति विमलेन्द्र निधिले पार्टीको १४औं महाधिवेशनमा सभापति पदमा उम्मेदवारी घोषणा गरेका छन् । सभापतिको दौडमा रहेका निधिले वानेश्वरमा सम्पर्क कार्यालय खोलेर आफनो चुनावी अभियान जारी राखेका छन् । निधिलाई पार्टी सभापति शेरबहादुर देउवाको साथ पाएका छैनन् । देउवा आफै सभापतिमा लड्ने निर्णय गरिसकेकाले निधिलाई सहयोग र समर्थन गर्ने कुरै आएन । अर्को तर्फ संस्थापन इतर समूहको नेतृत्व गरिरहेका रामचन्द्र पौडेल समूहबाट चार जना सभापतिका आकांक्षी छन् । पौडेल स्वयंसहित प्रकाशमान सिंह, शशांक कोइराला र शेखर कोइरालाले सभापतिमा दाबी गरिरहेका छन् । यद्यपी उनीहरूबीच साझा उम्मेदवार को हुने टुंगो नलाग्दा सिंह र शेखरले चुनावी अभियान सुरू गरिसकेका छन् । त्यसैले यी चार नेताहरूबाट पनि निधिले समर्थन पाउने सम्भावना छैन । यद्यपी निधिले आफनो टमि पनि बनाएका छैनन् । उनलाई समर्थन गर्नेहरूमा नाम चलेका कोही नेताहरू छैनन् । थारू समुदायको मत थुपारेका अर्को उपसभापति विजयकुमार गच्छदार पनि देउवासँगै छन् । सभापतिमा उम्मेदवारी घोषणा गरेका निधि यतिखेर पार्टी भित्रैबाट एक्लिएका जस्तै भएका छन् ।

चुनावी अभियानमा निधि यति अगाडि बढिसकेका छन् कि उनी पछि हट्ने सम्भावना पनि न्यून छ । सभापति पदका लागि स्वयं देउवा आफै अगाडि आएपछि निधिसहित अन्य नेताले चुनाव जित्ने कल्पना पनि गर्न सकिदैन । निधिले चुनाव जितिन्न भन्ने थाहा हुँदाहुदै किन उम्मेदवारी घोषणा गरे? किन उनले टिम बनाएनन? यसको जबाब समयले नै दिनेछ तर जानकारहरूकाअनुसार निधिले आफना पिता महेन्द्र नारायण निधिको लिगेसीलाई भजाएर चुनाव लड्न खोजेका हुन । संस्थापन पक्षका मधेशका केन्द्रीय नेताहरू देउवाको पक्षमा उभिएको अवस्था छ। सभापतिमा देउवा र निधि आमने-सामने हुने अवस्थामा निधिलाई कसरी मत दिनेमा मधेशका नेताहरू अन्योलमा छन् । काँग्रेसभित्र मधेशमा आफ्नो जनाधार ठान्ने निधिसँग संस्थापन पक्षका नेता कार्यकर्ता खुलेर लाग्न सकेको अवस्था अहिलेसम्म छैन । संस्थापन पक्षकै नेताहरू निधिको पक्षमा खुल्न नचाहेपछि काँग्रेस संस्थापन इतर पक्षका नेताको पनि निधिप्रति झुकाव देखिएको छैन ।




लामो समय देउवा गुटको नेताको पहिचान बनाएका निधिलाई मधेशको साझा नेता बन्न कठिन छ। अझ देउवा पुनः सभापति बन्न मैदानमा उत्रिएपछि मधेशमै निधिको पक्षमा माहौला बन्न गाह्रो देखिएको छ । मधेशमा उनको पक्षमा खुलेर लाग्ने, बोल्ने नेता तथा कार्यकर्ता निकै कम छन् । प्रदेश २ का ८ जिल्लामध्ये धनुषा र पर्साका वर्तमान सभापति मात्र उनको पक्षमा खुलेर लागेका छन् । अरू पौडेल पक्ष वा देउवा पक्षका लागि माहौल बनाइ रहेका छन् ।

> ‘निधिलाई नेपालको जुन फरक-फरक सांस्कृतिक समूहहरू छन्, त्यहाँ उहाँलाई स्वीकार्न सक्ने ठूलो छाती भएको पात्रहरू छन् जस्तो लाग्दैन ।’

मधेशबाट केन्द्रमा प्रतिनिधित्व गर्ने रमेश रिजाल, चित्रलेखा यादव, आनन्द ढुंगाना, फरमुल्लाह मन्सुर, अजयकुमार चौरासिय, महेन्द्र यादव, जंगीलाल रायले पनि निधिलाई साथ दिएका छैनन् । पछिल्लो समय निधिका पक्षमा लबिङ गरिरहेका मधेशबाट प्रतिनिधित्व गर्ने काँग्रेसका प्रभावशाली नेता प्रदीप गिरी बिरामी भएर भारतमा उपचाररत छन् ।

यता संस्थापन इतर पक्षका नेता रामकृष्ण यादव र किरण यादवमा छन् भने खानेपानी मन्त्री तथा काँग्रेस केन्द्रीय सदस्य उमाकान्त चौधरी कृष्णप्रसाद सिटौलाको साथमा छन् । वर्तमान केन्द्रीय कार्यसमितिमा निधि एक्लो जस्तै छन् । ८ सयभन्दा बढी केन्द्रीय

बाँकी अन्तिम पृष्ठमा

### निधिका तीन विकल्प

१. कांग्रेसबाट राजीनामा
२. मधेशमा नयाँ दल खोल्ने
३. राजनीतिबाट सन्यास



**कांग्रेसमा विमलेन्द्र निधि जित्ने न आधार छ, न त धरातल नै : पुरञ्जन आचार्य**

अन्तर्वार्ता पृष्ठ ३ मा

## सम्पादकीय

# कांग्रेसको साम्प्रदायिक राजनीति कहिलेसम्म ?

नेपाली कांग्रेसको १४औं महाधिवेशन शुक्रबारबाट काठमाडौंमा सुरू हुँदैछ । यो महाधिवेशनले कांग्रेसको विचारमाथि बहसभन्दा नयाँ नेतृत्वले स्थान र महत्व धेरै पाएको छ। कांग्रेसमा वैचारिक स्तरमा ह्रास आइरहेका बेला शीर्ष नेतृत्वदेखि तल्लास्तरका कार्यकर्तासम्म नेतृत्वको विषयमा मात्र चनाखो रहनु र रूचीप्रकट गर्नु पक्कै पनि देशकै सबैभन्दा ठूलो राजनीतिक दलका लागि शोभनीय विषय होइन ।

विचारमाथि मन्थन नगरी कुर्सी र सत्ताका लागि मात्र महाधिवेशन गर्नुको अर्थ रहँदैन । नीतिमा छलफल नहुनु कांग्रेसको 'विशेषता' नै हो । महाधिवेशनलाई नेतृत्व चयनको माध्यम मान्ने परिपाटी कांग्रेसमा पुरानै रोग हो । महाधिवेशनको मिति नजिकिँदै जाँदा कांग्रेसभित्र गुट अदलबदल र नयाँ गुट निर्माण शुरू भएको छ । कुनै विचार वा सिद्धान्त बोक्न होइन, पार्टीभित्र आफ्नो 'पोजिसन' बनाउन र स्वार्थ रक्षा गर्न गुटहरू सक्रिय भएर बसेको छ ।

कांग्रेसको जन्म मधेशमा भएको हो कांग्रेसको इतिहासमा मधेशको महत्व अमूल्य छ। मधेश कांग्रेसको जन्मस्थल मात्र नभएर त्यहिँ हुर्केको पनि हो । कांग्रेसले आफ्नो क्रान्तिको प्रारम्भ मधेशबाटै गरेको हो । कांग्रेसको पहिलो सहिद मधेशी नै भए र कांग्रेसले अहिले पनि मधेशीलाई नै सहिद बनाउदैंछ। नेपाली कांग्रेसले प्रतिस्पर्धा गरेको प्रत्येक चुनावमा बहुमत मत मधेशबाटै पाएको हो । मधेश कांग्रेसको

> आखिर कांग्रेसले मधेशसँग अन्याय किन गर्दैछ ? अहिलेको कांग्रेसले मधेशको सम्बन्धमा आफ्ना इतिहास बिर्सेको छ । मधेशलाई हेर्ने नजरमा अहिलेको नेतृत्वले आफ्ना संस्थापक नेतृत्वहरूको विचारलाई विघटन गरिसकेको छ र आफ्ना मूल सिद्धान्तलाई सिध्याइसकेको छ ।

लागि भोटको भण्डार थियो र हो पनि । मधेशको बहुमतबिना कांग्रेसले सरकारको कल्पना समेत गर्न सकिदैन । तर दुर्भाग्य कांग्रेसले जति पटक सरकार बनायो मधेशसँग त्यति नै बेइमानी, धोकाधडी गरिरह्यो । कांग्रेसको लागि मधेश दुहुना गाई जस्तै भएको छ । पछिल्लो समयमा संविधान बनाउने क्रमदेखि कांग्रेसले मधेशससँग सुरू गरेको साम्प्रदायिक राजनीति आज पर्यन्त जारी छ। मधेशले कांग्रेसलाई सत्तासम्म पुऱ्यायो तर बदलामा मधेशलाई कांग्रेसले के दियो ?

पहिलो र दोश्रो मधेश आन्दोलनलाई कांग्रेस नेतृत्वको सरकारले सम्बोधन गर्न नसक्दा मधेशले धेरै क्षति व्यहोर्नु पऱ्यो । तत्कालिन प्रधानमन्त्री तथा कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाले मधेशसँग गरेको सम्झौता कांग्रेसका वर्तमान नेतृत्वलाई स्मरण छ कि छैन? यदि छ भने त्यसको कार्यान्वयन किन भएन ? कार्यान्वयन नहुनु भनेको मधेशसँग धोकाको राजनीति हो कि होइन? मधेशलाई जानाजान साम्प्रदायिकता तिर धकेल्नु हो कि होइन ?

प्रश्न उठ्नु स्वाभाविक हो, आखिर कांग्रेसले मधेशसँग अन्याय किन गर्दैछ ? अहिलेको कांग्रेसले मधेशको सम्बन्धमा आफ्ना इतिहास बिर्सेको छ। मधेशलाई हेर्ने नजरमा अहिलेको नेतृत्वले आफ्ना संस्थापक नेतृत्वहरूको विचारलाई विघटन गरिसकेको छ र आफ्ना मूल सिद्धान्तलाई सिध्याइसकेको छ ।

कांग्रेसको अदुर्दर्शी, अलोकतान्त्रिक, अत्याचारी र सामम्प्रदायिक सोच भएका नेतृत्ववर्गले मधेशीलाई नै न घर न घाटको बनाइ दिएका छन् । कांग्रेसले अझै मधेशप्रतिको जिम्मेवारी बोध नगरे सम्पूर्ण मधेश कांग्रेसको विपक्षमा जान सक्छ ।

# मधेश मुद्दाको पुनरोत्थान बहस

**विचार-विश्लेषण** भाग–११३



उपेन्द्र झा

> मधेशको जन घनत्व र बढ्दो जनसंख्याले राज्यलाई चुनौती दिँदै राज्यको अभेद्य दुर्गमा छेदन गरि प्वाल पार्नु ठूलो उपलब्धि हो । परिवर्तन शनैः शनैः आउने प्राकृतिक नियमलाई मधेशले आत्मसात् गरेको छ । मधेशको मूलभूत मुद्दा अहिले पनि सम्बोधनको पर्खाईमा छ ।

मधेश नामले परिचित नेपालको तल्लो दक्षिणी समतलभूभाग नेपालको सीमामा गाभिएदेखि त्यहाँका वासिन्दा मधेशीमाथि रहेको राज्यको बक्रदृष्टि २६२ वर्षपछि पनि सुधारिएको छैन । अढाई शताब्दीभन्दा बढी समय राज्यद्वारा गरिएको भेदभावमा बिताएको मधेशको सहिष्णुताको अर्को उदाहरण छैन । राज्यको रूढिवादी सोचमा किञ्चित परिवर्तन नआएपछि मधेश आन्दोलनको बाध्यात्मक अवस्था आएको हो । मधेश आन्दोलनले राज्य समक्ष आफ्नो कुरा मात्र राखेन, राज्यलाई चुनौती दिँदै मधेशको आवाज सम्बोधन गर्न बाध्य बनायो ।

२०६३ को मधेश आन्दोलनपछि राज्यद्वारा गरिदै आएको निरंकूश तथा घृणित व्यवहारमा केही परिवर्तन आएपनि नीतिगत तथा अप्रत्यक्ष रूपमा राज्यको स्थाई सरकारमा प्रवेशको ढोका मधेशीका लागि अहिले पनि बन्द छ । मधेशी मन्त्री आउने जाने कुनै अर्थ राख्दैन । आउने जाने पाहुना मन्त्रीको चलन राजा कै पालादेखि चल्दै आएको छ । मधेश आन्दोलनपछि राज्य संयन्त्र केही लचक भएर मधेशीलाई बाहिर राख्न अनेक हथकण्डा अपनाएका छन् । आरक्षण सीटमा पनि प्रवेश गर्न दिएको छैन । राज्यको मधेशलाई हेर्ने दृष्टिकोण अहिले पनि बक्र नै छ । काठमाण्डौंमा मधेशीलाई हेर्दा मारपीट गर्ने लखेट्ने, बस्न कोठा नदिन, हेप्ने आदि व्यवहारमा अलि लचक भएर मैत्रीपूर्ण भएकोले पढ्ने, बस्ने, जग्गा किन्ने, बेरोकटोक आवतजावत गर्ने सहज भएको छ । मधेशीलाई काठमाडौं प्रवेशमा भीमफेदीमा भीसा बनाउनु पर्ने विदेशी सरहको व्यवहारको अर्को उदाहरण के हुन सक्दछ ।

मधेशीलाई नियन्त्रण गर्न विर्ता दिएर खटाइएका राजाका दूतहरूले मधेशीलाई आफ्नो संगठनभित्र संगठित गरेर चाकडी गर्न सिकाए । चाकडीकै भरमा मधेशीहरू आफ्नो सानातिना काम गराउन थाले । यही चाकडीले मधेशीलाई विर्तावालको बेठ बेगारी बस्न बाध्य गऱ्यो र चलन नै बसाल्यो । यसरी पुश्ता दर पुस्ता विर्तावाल सामन्तहरूको सेवा गर्ने चलन बस्यो । सरकारी कर्मचारीसम्म मधेशीको पहुँच नरहँदा कुनै काम नहुने, बिर्तावालबाट तुरून्त हुने देखेर मधेशीहरू यी सामन्तहरूका दास भए । हुने खाने धनी मधेशी पनि सरकारी कार्यालयबाट काम गराउन यही सामन्तहरूको भर पर्न थाले । यसरी सम्पूर्ण मधेशी सामन्तहरूको संगठनभित्र गुलाम बने ।

तत्पश्चात् निरंकूश राजतन्त्रको विरूद्ध जनताको राज्य कायम गर्ने भनेर नेपाली काँग्रेस मधेशमा संगठन गर्न आए । परिवर्तनका आकाँक्षी मधेशका युवाहरू बलिदानी संघर्ष गर्न नेपाली काँग्रेसको झण्डामुनि गोलबन्द हुनथाले । पछि कम्युनिष्टहरू सामन्तका पृष्टपोषक राजतन्त्र र पूँजीपतिका दलाल नेपाली काँग्रेस पनि सर्वहारा जनताको भलो गर्दैन । सर्वहाराहरूका लागि कम्युनिष्ट सरकार चाहिन्छ भनेर कम्युनिष्टहरूको भरपर्दो मन्त्र जप्न अधिकाँश गरिब, मजदूर, सर्वहाराहरू कम्युनिष्ट पार्टीको झण्डामुनि संगठित भए । यीदुई पार्टी नेपाली काँग्रेस र नेपाल कम्युनिष्ट पार्टी संघर्षमा रहेकोले यिनको संगठन त थियो तर राजाको संगठित शक्तिभन्दा कम थियो ।

लोकतन्त्र राज्य स्थापनाका लागि आन्दोलनहरू भए । राजाको प्रत्यक्ष शासनलाई नारायणहिटी दरवारमा कैद गरियो । राजा वैधानिक राजतन्त्रभित्र बस्न बाध्यभयो । ०४६ सालमा लोकतान्त्रिक सरकारको स्थापना भयो । नेपाली काँग्रेसको एकमना सरकार बन्यो । वर्षौंदेखि भोकाएका बुर्जुवा सरकार धन कमाउन एकमात्र एजेण्डा लिएर अगाडि बढे । भ्रष्टाचारमा चुर्लुम्म डुबेर जनताप्रतिको दायित्व पनि बिर्से । मनमाना शासनको शुवात् भयो । लोकतान्त्रिक सरकार भनाउँदाहरूले मधेशमा हजारौं मोहीलाई हक नदिएर जग्गाबाट बेदखल गराए । ०२१ सालमा राजा महेन्द्रबाट प्रदत्त मोही हक २५ वर्ष राजतन्त्र हुँदासम्म कायम रह्यो । तर जनताको सरकार आउने बित्तिकै हजारौं मोहीले २५ वर्षदेखि सञ्चित आफ्नो हक गुमाउनु पऱ्यो ।

बलिदानी संघर्षमा होमिएका सयकडौं मधेशी युवाहरू शहादत दिएर पनि नेपाली काँग्रेस र कम्युनिष्ट सरकारबाट पूर्ववर्ति शासक जस्तै व्यवहार शुरू हुँदा यो कस्तो लोकतन्त्र हो भनेर मधेशी क्षुब्ध भए । चाकडीको बलमा कतिपय मधेशीहरू पहुना बनेर मन्त्री खान पुगे तर आममधेशी जनताको समस्या नीतिगत रूपमा सम्बोधन भएन । उनीहरूलाई सत्तामा पुग्नु थियो, पुग्यो । राज्यसत्ताको दोहन गरेर निर्विकल्प शक्तिको रूपमा आफ्नो वर्चस्व कायम गरेपछि जनताप्रति उत्तरदायी हुने कुनै प्रश्न नै रहेन । यसरी मधेशले जनताप्रति उत्तरदायी रह्ने तथाकथित लोकतान्त्रिक सरकारको मधेशप्रतिको विश्वासघाती व्यवहार देख्यो बुझ्यो । नेपाली शासकको रूपमा रहेका तीन शक्ति राजतन्त्र, नेपाली काँग्रेस र नेकपा एउटै वर्गका दुई श्रेणीका शासक कहलाए । १. राजा (निरंकूश सामन्ती शासक), २. नेपाली काँग्रेस र नेकपा (उदारवादी सामन्ती शासक) ।

उदारवादी सामन्तहरूको सेवामा प्रयोग हुने लोकतन्त्र कति कमजोर छ भने संविधानले दिएको नागरिकता हक लोकतन्त्रले जनतालाई दिन सकि रहेको छैन । त्यसको अभावमा २ लाख मधेशी युवाहरू नागरिकताविहीन भई निरर्थक जीवनयापन गर्न बाध्य बनेका छन् । लोकतन्त्रमा पनि मधेशको दोहन, शोषणमा कुनै कमी नआएको देखेर मधेशले शत्रुशक्तिलाई पहिचान गऱ्यो । परिणामस्वरूप अन्यान्य पार्टीमा रहेका मधेशीहरूलाई फिर्ता बोलाएर आफ्नै धरातलबाट मधेशले विद्रोह गऱ्यो ।

मधेश विद्रोहको १५ वर्ष वित्यो । राज्यले सप्तरीदेखि पर्सासम्म मधेश प्रदेश दिएर बाँकी पूर्व-पश्चिम मधेश आफ्नो कब्जामा राखेको छ । ८ जिल्लाको मधेश सरकार बनाउन दान पाएर मधेशका नेतृत्व मण्डली मधेशका मुद्दाबारे केही नबोली रमाई रहेका छन् । जातिवादी राजनीतिमा स्खलित मधेशका जसपा र लोसपा शत्रुशक्तिलाई मित्र बनाएर त्यसको ईशारामा पारस्परिक महाभारतमा उत्रनु मधेशको लागि खेदजनक छ ।

१५ वर्षको अवधीमा मधेशले के पायो के गुमायो, समीक्षा हुन जरूरी छ । केही कुरा पाउनु र धेरै मूलभूत कुरा सम्बोधन हुन बाँकी रहेकोले मधेशको मुद्दा कुन रूपमा प्रस्तुत हुनेबारे बहस हुन जरूरी छ । नेतृत्व मण्डलीको सोचको स्तर, शासकहरूको सोच र व्यवहार समानस्तरमा प्रतिस्पर्धी छ कि छैन । मधेशका राजनीतिक अगुवाहरू यथास्थितिमा रह्ने वा अग्रगामी हुने आदि कुराहरूको मधेशका बुद्धिजीवी, राजनीतिकर्मी, मानवाधिकारवादी, नागरिक समाजबीच बहस, छलफल अत्यावश्यक देखिन्छ ।

जसपा विभाजनको महाभारतमा पदलोलुपता, उच्च महत्वाकाँक्षा, जातिवाद, संकीर्ण मानसिकताको पराकाष्ठा आदि दुर्गुणले भरिएको महाभारतको परिणाम राम्रो कसरी हुन सक्छ । मधेशको एकता क्षतविक्षत हुँदा जसपा र लोसपा कसैलाई दुःखेन । विचारमा लोक कल्याणको कुरा गर्ने र व्यवहारमा आफूमा सीमित हुने, निम्नस्तरको सोचले मधेशको बृहद उद्देश्यलाई पूरा गर्न सक्छ ? आफ्नै पार्टीभित्र स्वार्थ पूरा गर्न गुट निर्माणमा लागेका नेतृत्वपंक्ति कसरी सिङ्गो पार्टीको नेता बन्न सक्छ ?

१५ वर्षको तीता मीठा अनुभवले परिपक्व बनाएको अवस्थामा विगतमा मधेशले विर्तावाललाई गुलामी गरेजस्तै जसपा र लोसपा आफ्ना आफ्ना मालिक छानेर गुलामी गर्नु कतिको शोभनीय हुन्छ । मधेशको बृहद उद्देश्य प्राप्त गर्न हिंडेको पार्टीले दायित्व बोधका साथ स्वाभिमानी बन्नु पर्दछ । त्यसकारण आफ्नो डम्फू मात्र पिटेर मधेशको मुक्ति आन्दोलनलाई अगाडि बढाउन सकिंदैन । मधेशमा पारस्परिक महाभारत हुँदै रहोस् राज्यले यही चाहेको छ ।

पार्टी चलाउनु र मधेश आन्दोलन अगाडि बढाउनु दुबै फरक कुरा भएकोले पार्टीवालहरू यसमा आकर्षित नहुन सक्छ । तर पार्टी मधेश धरातलमा रहेकोले यसलाई नजर अन्दाज पनि गर्न सक्दैन । जेहोस् यस विषयमा व्यापक छलफलको आवश्यकता देखिएकोले बहसको थालनी होस् । ८ जिल्ला बाहिरको मधेशलाई हामी कसरी नेतृत्व लिने, मधेशको ओनरशीप कसरी कायम राख्ने, त्यसका लागि के रणनीति हुने र हाम्रो कार्यदिशा के हुने आदि निर्क्योलका लागि बृहद बहस हुन जरूरी छ । पार्टीको दाउपेंचमा सीमित रहेर बृहद अभिभारा पूरा गर्न कठीन छ ।

मधेशको मुद्दा सम्बोधन भएको छैन । बरू मधेशको संरचनालाई राजनीतिक रूपले अति विकृत बनाइएको छ । मधेशी स्वाभिमान भ्रातृत्वको खोजी गर्दै बर्लिनको दीवार भत्काए जस्तै विभाजन रेखालाई मेट्दै अगाडि बढ्न किञ्चित विलम्ब गर्दैन । समग्र मधेशको शोषण उत्पीडन र भेदभाव समान रहेकोले टुक्रिएको एकता, बाँडिएको भ्रातृत्वले उत्पीडन झन् बढाउँछ । त्यसकारण पनि मधेशले पीडादायी विभाजन रेखालाई मेटिन तत्पर रहन्छ ।

मधेशको जन घनत्व र बढ्दो जनसंख्याले राज्यलाई चुनौती दिँदै राज्यको अभेद्य दुर्गमा छेदन गरि प्वाल पार्नु ठूलो उपलब्धि हो । परिवर्तन शनैः शनैः आउने प्राकृतिक नियमलाई मधेशले आत्मसात् गरेको छ । मधेशको मूलभूत मुद्दा अहिले पनि सम्बोधनको पर्खाईमा छ । ती मुद्दाहरू आन्दोलनलाई जीवित पार्न पर्याप्त छ । मधेशलाई ६ टुक्रामा विभाजन गरेको राजनीतिक संरचना शाश्वत छैन । वर्लिनको पर्खाल तोडेर एक भएको जर्मनी भ्रातृत्व जस्तै मधेशी एकता उम्लिरहेको छ । आफ्नो पूर्व स्वरूपमा आउन अवसरलाई पर्खिरहेको मधेशी भ्रातृत्व छटपटाई रहेको सहजै अनुमान गर्न सकिन्छ ।

janukjha24@gmail.com

# संविधान संशोधन नै जसपाको एजेन्डाः अध्यक्ष भट्टराई



काठमाडौं । सत्ता साझेदार दल जनता समाजवादी पार्टी संघीय परिषद्का अध्यक्ष डा. बाबुराम भट्टराईले तत्काल संविधान संशोधन गरेर अघि बढ्न आफ्नो पार्टी प्रतिबद्ध रहेको बताएका छन् । पूर्व प्रधानमन्त्री समेत रहनु भएका भट्टराईले सबै उत्पीडित समुदायको अधिकार सुनिश्चित गर्नका लागि आफ्नो पार्टी संविधान संशोधन गर्ने एजेन्डामा लागि परेको दाबी समेत गरे ।

शनिबार काठमाडौंमा आयोजित एक कार्यक्रममा बोल्दै उनले सबै उत्पीडित समुदायको अधिकार सुनिश्चित हुने गरी संविधान संशोधन गर्न एकताबद्ध भएर अघि बढ्न पनि आह्वान गरे । अध्यक्ष भट्टराईले संविधान संशोधन गर्नुपर्छ भन्ने कुरालाई आफ्नो पार्टीले संसद्मा कुरा उठाइराखेको र मन्त्रिपरिषदमा पनि सरकारमा सहभागी मन्त्रीमार्फत् सो प्रस्ताव पेस गर्न लगाउने आश्वासन समेत दिए । उनले भने, 'फेरी पनि संघर्ष नगरीकन यो प्राप्त हुँदैन । अहिले संसद्बाट मात्रै सबै थोक होस भनेर मात्रै हुँदैन । साङ्केतिक हुन्छ । किनभने हामी संसद्बाट पनि बोलिराखेका छौँ । सडकबाट पनि बोलकै छौँ । र सरकारमा पनि भएको बेलामा संविधान संशोधन हुनुपर्छ भन्ने विषयमा हामी कुरा राख्छौं । शक्ति नभईकन सत्ता, न्याय र अधिकार प्राप्त हुँदैन । त्यसो गर्नका निम्ति अब हामीले चाहिँ एक ढिक्का भएर अगाडि बढौं । त्यसका निम्ति जनता समाजवादी पार्टी प्रतिबद्ध ।'

अध्यक्ष भट्टराईले फेरी पनि संघर्ष नगरीकन न्याय र अधिकार प्राप्त गर्न नसकिने तर्क समेत गरे । उनले नेवाः स्वायत्त राज्य स्थापनाका लागि नेवार समुदायले हस्तक्षेपकारी भूमिका निर्वाह गर्नुपर्ने बताए ।

# कांग्रेसमा विमलेन्द्र निधिले जित्ने न आधार छ न त धरातल नै



पुरञ्जन आचार्य
राजनीतिक विश्लेषक

**० नेपाली कांग्रेसको १४औं महाधिवेशनलाई कसरी हेर्दै हुनुहुन्छ ?**

– नेपाली कांग्रेसको आसन्न १४औं महाधिवेशनलाई सबैले उत्साहपूर्वक हेरिरहेका छन् । यसपटक झण्डै पाँच लाखदेखि १० लाख क्रियाशील सदस्य सहभागी हुँदै छन् । कांग्रेसमा युवाहरू प्रवेश पाएका छन् । कांग्रेसभित्र केही नयाँ प्रयोगहरू हुने सम्भावना बढेर गएको छ । यो महाधिवेशनबाट कांग्रेसलाई परम्परागत शैलीबाट पृथक शैलीमा नेतृत्व चयनका प्रक्रियाहरू पनि अगाडि आएका छन् । सभापतिमा शेखर कोइराला जस्तो मान्छेले दाबी गरिरहेका छन् । रामचन्द्र पौडेल र शेरबहादुर देउवाले पहिला पनि सभापतिका लागि गर्नुभएको थियो । तर केही युवाहरू समूहगतरूपमै अगाडि आएका छन् । यसले गर्दा कांग्रेसमा पुनर्जागरण आउने संकेत देखिएको छ । अर्कोतिर यो धेरै व्यवस्थित छैन । यसमा मान्छेको चयन गर्ने मात्रै स्थिति छ । यसले राष्ट्रका जल्दाबल्दा समस्याहरूलाई ठिक ढंगले सम्बोधन गर्न बहस छलफल भइरहेको छैन । महाधिवेशनमा नीति र कार्यक्रम केहीमा छलफल नगर्ने भनिरहेको छ । निर्वाचन गर्ने कुरा मात्रै चलिरहेका छन् । पार्टी भनेको विचारबाट चल्नुपर्‍यो । ती सब कुराहरूमा केन्द्रीय समिति, सभापति र उहाँको टिमले उचित किसिमले अगाडि बढाउन सकेको छैन ।

**० अहिलेसम्म रूझान कतातिर बढी देख्नुहुन्छ ?**

– अहिलेसम्म हेर्दा खासै प्रतिस्पर्धा वा कसले जित्छ भन्न सक्ने स्थिति छैन । किनभने अहिलेसम्म महाधिवेशन प्रतिनिधिहरू आउँदैछन् । प्रदेश नं. २ को अझ पनि मतगणना भइरहेको छ । त्यसको महाधिवेशन प्रतिनिधिको संख्या आउने क्रम जारी नै छ । तर पनि हामीले गरेको सर्वेअनुसार प्रारम्भिक अनुमान गर्दा प्रतिस्पर्धा शेखर कोइराला र शेरबहादुर देउवाबीच नै हुने देखिन्छ । जित्नका लागि यिनी आफै पर्याप्त छैनन् । शेखर कोइरालालाई पनि केही-केही लिडरहरूको सहयोग चाहिन्छ । यता, शेरबहादुर देउवालाई पनि सहयोग र एलायन्स गर्नुपर्ने हुन्छ । अहिले धेरै आकांक्षीहरू देखिएका छन् । त्यसमा विमलेन्द्र निधिजी बलियो उम्मेद्वार हुनुहुन्छ । प्रदेश नं. २ मा उहाम्को वर्चश्व पनि छ । त्यस्तै, प्रकाशमान सिंहजी हुनुहुन्छ, काठमाडौं उपत्यकामा उहाँको वर्चश्व छ । यी सबै फ्याक्टरहरूले भोलिका दिनमा दिशा निर्धारण गर्छ । राष्ट्रियस्तरमा हेर्दा शेरबहादुर देउवा र शेखर कोइरालाका बीच तीव्र प्रतिस्पर्धा छ । यसमा युवाहरूको पनि ठूलो भूमिका हुन्छ । युवाहरूको समूहले एकमुष्ट गर्ने सहयोगले एउटा परिणाम दिन सक्छ । युवाहरूको समूहलाई कसले मोटिभेट गर्न सक्छ, उनीहरू कसको नेतृत्वलाई स्वीकार गर्छ, कोसँग एलायन्स गर्छन् अहिले भन्न सकिने अवस्था छैन । केही रिजन फ्याक्टर छ, केही लोकल फ्याक्टर छ, केही उमेरको फ्याक्टर छ । त्यसमा जसले ठिक ढंगले एलायन्स गर्न सक्यो त्यसले बाजी मार्न सक्छ । त्यसैले अहिले ठ्याक्कै आँकलन गर्न चाह्रो छ ।

**० शेरबहादुर देउवाका सबभन्दा प्रमुख सहयोगी विमलेन्द्र निधिले पनि दाबेदारी गर्दा देउवालाई कति असर गर्छ ?**

– विमलेन्द्र निधिको उम्मेद्वारीले शेरबहादुर देउवालाई पक्कै पनि असर गर्छ । त्यसैले अहिले देउवाले कृष्णप्रसाद सिटौलालाई आफ्नोतिर ल्याउँदै हुनुहुन्छ । त्यसैगरी, देउवाले विजय गच्छदारलाई पनि आफ्नोतिर तान्न खोज्दै हुनुहुन्छ ।

**० शेरबहादुर देउवाले विमलेन्द्र निधिलाई आफ्नो पक्षमा पार्न सक्ने अवस्था देख्नुहुन्छ ?**

– त्यो सम्भवै छैन । विमलेन्द्र निधि न त देउवालाई समर्थन गर्न सक्छन् न त ब्याक हुन सक्छन् । विमलेन्द्र निधिजीलाई स्वाभाविकरूपमा शेरबहादुर देउवाले सहयोग गर्नुपर्ने हो । किनभने १३औं महाधिवेशनमा त्यहीं सर्तमा एक अर्काबीच सहमति भएको थियो । शेरबहादुर देउवाले सहयोग नगर्दा विमलेन्द्र निधि आफै उठ्न बाध्य हुनुभएको हो । अब अहिले आएर विमलेन्द्र निधिले देउवालाई सहयोग गर्नुहुन्छ भन्ने कुरा पत्याउनै गाह्रो छ । त्यसैले विमलेन्द्र निधि फिर्ता हुने अवस्था छैन । अब ढिलो भयो ।

**० विमलेन्द्र निधिको अवस्था देखिन्छ ?**

– विमलेन्द्र निधि जित्ने स्थिति छ जस्तो लाग्दैन । उहाँ जित्दा राम्रो हो । तर म कांग्रेसलाई जति बुझेको छु, त्यसले गर्दा उहाँ जित्नुहुन्छ जस्तो मलाई लाग्दैन । तर, उहाँले सम्मानजनक मत ल्याउनुहुन्छ ।

**० विमलेन्द्र निधि जित्न नसक्ने कारणहरू के-के छन् ?**

– विमलेन्द्र निधि जित्न नसक्ने मुख्य कारण उहाँले शेरबहादुर देउवालाई आफ्नो साथमा लिन सक्नुभएन । उहाँले लामो समय शेरबहादुरलाई सहयोग गर्नुभो । शेरबहादुर देउवालाई सभापति बनाउने, प्रधानमन्त्री बनाउने, राइट ह्याण्ड भएर बस्नुभयो तर शेरबहादुरले त्यो कुरा बुझ्नुभएन । उहाँले शेरबहादुरको सहयोगमा १४औं महाधिवेशनमा सभापति हुन्छु भन्नुभएको थियो, त्यो सम्भव भएन । अन्य फ्याक्टरहरू पनि छन् । निधिलाई नेपालको जुन फरक-फरक सांस्कृतिक समूहहरू छन्, त्यहाँ उहाँलाई स्वीकार्न सक्ने ठूलो छाती भएको पात्रहरू छन् जस्तो लाग्दैन ।

**० यो महाधिवेशनबाट कांग्रेसमा कस्तो ऊर्जा आउँछ ?**

– महाधिवेशनबाट पार्टी परिचालित हुन्छ । पार्टी संगठभित्र जीत र हार पनि भएको छ । एकातिर पार्टी परिचालित भएर कांग्रेसभित्र ऊर्जा थपिन्छ । सडक, गल्ली, चौकमा यही चर्चा छन् भने अर्कोतिर जीत र हारले पक्ष र विपक्षमा कांग्रेस बाँडिएको छ । त्यसले गर्दा भोलिको राष्ट्रिय निर्वाचनमा नेताहरूले अलिकति बुद्धि पुर्‍याएन् भने यो जुन तिक्तता छ, त्यसले असर गर्न सक्छ कि भन्ने खतरा रहन सक्छ । अब समय पनि धेरै छैन । स्थानीय निर्वाचनहरू आइसकेको छ । जीत र हारको प्रतिशोधले कांग्रेसलाई ड्यामेज गर्छ कि भन्ने डर छ । तर नेताहरूले बुद्धिमतापूर्वक कांग्रेसलाई अगाडि बढाए भने फेरि ऊर्जाले कांग्रेसभित्र पुनर्जागरण आउन सक्छ ।

**० यो महाधिवेशनबाट कांग्रेसले पुनर्जीवन पाउँछ त ?**

– १४औं महाधिवेशनबाट कांग्रेसले पुनर्जीवन पाउने सम्भावना पर्याप्त छ । त्यसका लागि नेतृत्वले त्यहीं किसिमको कौशलता, कला र क्षमता देखाउनुपर्ने हुन्छ । नेतृत्व तहमा भोलि कस्ता मान्छे आउँछन्, कसरी मार्गदिशा तय गर्छन् त्यो कुराले महत्व राख्छ ।

**० अहिलेको अवस्थामा कांग्रेसको नेतृत्व परिवर्तन आवश्यक छ त ?**

– केन्द्रीय नेतृत्वको परिवर्तन अत्यन्त आवश्यक छ । शेरबहादुरबाट देश र पार्टी चल्दैन । प्रतिपक्षी नेता हुँदा त्यो किसिमको क्षमता देखाउन सक्नुभएन । नयाँ पुस्ताले नेतृत्व परिवर्तनका लागि जोडबल गरिरहेका छन् । कांग्रेसभित्र परिवर्तनको हावाहुरी छन् ।

**० आगामी महाधिवेशनबाट यदि फेरि देउवा नै सभापतिको रूपमा निर्वाचित हुनुभयो भने कस्तो अवस्था हुन्छ ?**

– यदि यो महाधिवेशनबाट फेरि पनि देउवा नै सभापति हुनुभयो भने ऊर्जा थपिँदैन, निराशा आउँछ । किनभने कांग्रेसका कार्यकर्ताले मात्रै राष्ट्रिय निर्वाचन जित्न सकिँदैन । कांग्रेसभन्दा बाहिरका मतदाता जसले कांग्रेसभित्र नेतृत्व परिवर्तन भएको हेर्न चाहन्छन्, नयाँ अनुहार हेर्न चाहिररहेका छन् । त्यो आएन भने कांग्रेसका कार्यकर्ताका लागि ठूलो कुरा हुँदैन होला तर आम जनताको विश्वास कायम रहन सक्दैन र आगामी निर्वाचनमा कांग्रेसले हार व्यहोर्नुपर्ने हुन्छ । देउवासँग अहिले सत्ता पनि छ, शक्ति पनि छ, पैसा पनि छ । अहिले सत्ता र शक्तिको दुरूपयोग देउवाबाट पर्याप्त भइरहेको छ ।

**० आगामी निर्वाचनमा कांग्रेसले गठबन्धनमा जाँदा राम्रो कि एक्लै प्रतिस्पर्धा गर्दा राम्रो ?**

– आगामी निर्वाचनमा कांग्रेस गठबन्धनमा जान सक्दैन । हुन त पाँच दलीय गठबन्धनसँगै चुनावमा भाग लिने भनिएको छ । तर त्यो गठबन्धन चुनावसम्म कायम रहन्छ भन्ने विश्वास गर्ने आधार छैन । केही नेताहरूको व्यवस्थापन हुन्छ होला तर चुनावी गठबन्धन कायम रहादैन ।

# महन्थ ठाकुरको त्याग र सिद्धान्तबाट प्रभावित भएर लोसपा रोजें



लोसपाका श्रद्धेय अध्यक्ष महन्थ ठाकुरजीको जुन योगदान, त्याग र सिद्धान्त छ, त्यो अन्य कसैमा पनि देखिएन । उहाँ जहिले पनि मधेश र देशको लागि एउटा चिन्तित रहनुभएको मैले देखें । उहाँले मुद्दालाई थाँती राखेर राजनीति गर्नुभन्दा सम्बोधन गराउन जहिले पनि प्रयासरत् हुनुहुन्छ । यसको प्रत्यक्ष उदाहरणले हामीले केपी ओलीको सरकार हुँदा आफ्नो माग र मुद्दा सम्बोधनका लागि गरिएको प्रयास हो ।

जासर यादव
कृषि क्रान्ति अभियन्ता तथा नेता, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल

**० स्वतन्त्र मधेश गठबन्धन विघटन भएदेखि तपाईं राजनीतिबाट किन टाढिनुभएको छ ?**

– म जहिले पनि मधेशको हकहितका लागि काम गर्दै आएको छु । स्वतन्त्र मधेश गठबन्धन मधेशलाई आत्मनिर्भर, समृद्ध, रोजगारी सिर्जना गर्ने अभियान हो । त्यो लोभमा परेरमा हामीजस्ता युवाहरू डा.सीके राउतसँग लागेका थियौं । तर जब उहाँले मधेशी जनतालाई धोका दिनुभयो त्यसपछि हाम्रो भ्रम टुट्यो र हामीलाई लाग्यो कि त्यो अभियान मधेशका लागि नभई आफ्नो स्वार्थका लागि मात्रै हो । त्यसैले म राजनीतिबाट टाढा भएको हुँ । म कृषि क्रान्ति अभियानमा लागेको छु, जसमा कसैले पनि मलाई सहयोग गरेको छैन । यो दुई/तीन वर्ष बाहिरबाट सबै राजनीतिक दलहरूलाई हेरिरहेको थिएँ र समीक्षा गरे । यी सबै दलहरूमा मलाई लोकतान्त्रिक समाजवादी पार्टी नेपाल नै उपयुक्त लाग्यो र त्यहींबाट राजनीतिक यात्रा सुरू गरेको हुँ ।

**० डा.सीके राउतले गठन गर्नुभएको जनमत पार्टीको मूल उद्देश्य मधेशको समृद्धि र विकास नै हो, उहाँको पार्टीलाई किन रोज्नुभएन त ?**

– सीके राउतको त्यो पार्टी होइन, उहाँले आफ्नो इज्जत बचाउनका लागि एउटा समूह बनाउनुभएको छ । त्यो कुनै पार्टी वा दल होइन, सीके समूह हो । उहाँले आफूलाई देवत्वकरण गर्न खोजिरहेको छ । उहाँ आफूलाई महाराज शैलीमा प्रस्तुत गर्दै हुनुहुन्छ र उनका समर्थकहरू जिन्दावाद भन्दै हिंडेका छन् । उहाँमा राजनीतिक चेतना कहिल्यै भएन । त्यो समूहमा राजनीति बुझ्ने एउटा पनि मान्छे छैन । कोही विदेशबाट काम गरेर आएका छन्, कोही कताबाट आएका छन् । त्यसैले जब राजनीति नै गर्नुछ भने त्यो सीके समूहमा किन जाने ? राम्रो एजेन्डा र मधेशमा स्थापित भएको पार्टीमा जाने नि ।

**० सीके राउतको पार्टीलाई तपाईं पार्टी मान्नु हुन्न ?**

– त्यसलाई पार्टी कसरी मान्ने ? स्वतन्त्र मधेश गठबन्धनले एउटा ठूलो एजेन्डा बोकेको थियो । तर त्यो एजेन्डाअनुरूप काम गर्न सकिएन । त्यसलाई विघटन गरेर एउटा समूह बनाइएको हो । उहाँलाई थाहा छ कि कतैबाट जित्न सकिन्न । अहिले पनि यदि उहाँ आफ्नो इज्जत बचाउनु छ भने चुनावी राजनीति छोडेर अभियानमात्रै चलाओस् ।

**० तर, सीके राउतजीको पार्टी त जनतामा लोकप्रिय देखिएको छ नि ?**

– सीके राउतको पार्टी जनतामा लोकप्रिय होइन, उहाँको कार्यकर्तामा लोकप्रियता देखिएको हो । जनकारबाहीको नाउँमा कसलाई कारबाही गरिएको हो ? कुन भ्रष्टाचारीलाई जेल पुर्‍याइएको हो ? कस्तो भ्रष्टाचारीलाई भ्रष्टाचारी भन्ने ? कसैको घरको अगाडि बाटो नबनाउँदा त्यो भ्रष्टाचारी हुन्छ ? भ्रष्टाचारीलाई त उहाँहरूले छुन पनि सक्ने हैसियत छैन । व्यक्तिगत झगडा वा रिसइबीका कारण मात्रै त्यस्तो गरिएको हो । म सीके राउतलाई चुनौति दिन्छु कि मधेशमा पाँच दिन पनि आन्दोलन गरेर देखाओस् न, कतिको सफल हुन्छ । कम्तीमा पाँच वटा मात्रै पसल बन्द गराएर देखाओस् न ? त्यो कुनै पार्टी नै होइन ।

**० जनमत पार्टीले त अहिले मधेश कब्जा गर्ने अभियान चलाइरहेको छ, यसलाई कसरी हेर्नुभएको छ ?**

– मधेश कब्जा गर्ने अभियान चलाइएको छ, यसका लागि बधाई छ । तर उहाँको एजेन्डा के हो, जनतामा सार्वजनिक गर्नुपर्‍यो । अहिलेसम्म उहाँहरूले मधेशलाई के दिनुभएको छ ? विदेशमा श्रम गरिरहेकाले चन्दा दिइरहेको छ । पहिला उनीहरूको हिसाबकिताब देओस् न । भ्रष्टाचारीलाई कारबाहीको कुरो गर्नुहुन्छ, तर उहाँकै पार्टीका एक जना कार्यकारिणी समिति सदस्य भ्रष्टाचारको मुद्दामा जेल बसेर आएका छन् । उनी अवकाश पाएको तीन वर्ष भइसक्यो तर अहिले पनि सरकारी क्वाटर खाली गरेको छैन । त्यो भ्रष्टाचार भएन ? उहाँका पार्टीका इन्जिनियरहरू नेपालमा भ्रष्टाचार गर्न पाएका छैनन् तर विदेशमा कार्यरत् हुँदा चलिरहेकै ट्रक बेचिदिएका थिए । त्यो भ्रष्टाचार भएन ? त्यस्ताले भ्रष्टाचार उन्मूलन गर्न सक्छ ? रोजगारीको कुरा गर्नुभएको छ तर अहिलेसम्म एक जनालाई पनि रोजगारको सिर्जना गरेका छन् ? महात्मा गान्धीले आफ्नो कार्यकर्ता पालनका लागि चर्खा आन्दोलन चलाउनुभयो, कमसेस जीवनयापनका लागि रोजगारी त दिनुभयो । पहिला रोजगारी सिर्जना गर्नुपर्‍यो नि ।

**० तपाईं प्रवेश गर्नुभएको लोकतान्त्रिक समाजवादी पार्टी अन्य दलभन्दा किन फरक देख्नुभयो ?**

– सबभन्दा प्रमुख कुरो त लोसपाका श्रद्धेय अध्यक्ष महन्थ ठाकुरजीको जुन योगदान, त्याग र सिद्धान्त छ, त्यो अन्य कसैमा पनि देखिएन । उहाँ जहिले पनि मधेश र देशको लागि एउटा चिन्तित रहनुभएको मैले देखें । उहाँले मुद्दालाई थाँती राखेर राजनीति गर्नुभन्दा सम्बोधन गराउन जहिले पनि प्रयासरत् हुनुहुन्छ । यसको प्रत्यक्ष उदाहरणले हामीले केपी ओलीको सरकार हुँदा आफ्नो माग र मुद्दा सम्बोधनका लागि गरिएको प्रयास हो । उहाँको अडान र मुद्दा प्रष्ट छ । उहाँ कहिल्यै पनि मुद्दासँग सम्झौता गर्नुभएन । त्यसैले मधेशप्रति समर्पित पार्टी लोसपा नै हो । भविष्यमा लोसलाले नै मधेशको मागहरू सम्बोधन गराउन सक्छ ।

**० तर लोसपामाथि प्रतिगमनकारीको मतियार भनेर आरोपहरू लगाइएको छ नि ?**

–महन्थ ठाकुर र राजेन्द्र महतोलाई प्रतिगमनकारीको मतियार भन्नेहरू आफू कतिको चोखो छन् त्यो त सबैले बुझेकै छन् । त्यही केपी ओलीको सरकारमा उपेन्द्र यादवजी १८ महिनासम्म बस्नुभयो, त्यतिबेला प्रतिगमन उहाँले देख्नुभएन । त्यो अवधिमा मधेशका एउटा पनि माग सम्बोधन गराउन पहलसमेत गर्नुभएन । जब केपी ओलीले सरकारबाट निकाले त्यसपछि प्रतिगमन भयो त ? महन्थ ठाकुरजीको नेतृत्वमा जब पार्टी केपी ओलीको सरकारमा गयो त्यो भन्दा पहिला मधेशका कतिपय मागहरू सम्बोधन गराउन लगाउनुभयो र संविधान संशोधनका लागि कार्यदल पनि बनाइयो । सत्ता र भत्ताका लागि मात्रै त्यतिबेला सरकारमा सहभागी भएको थिएन । अहिले पनि उपेन्द्र यादवजी सरकारमै हुनुहुन्छ, कतिवटा माग पूरा गराउनुभयो त ? जसको विरूद्धमा मधेशमा आन्दोलन भएको थियो र त्यसको बलमा उपेन्द्रजी स्थापित हुनुभयो, आज उहाँको पार्टी तिनीहरूले कब्जा गर्दैछन् । भोलिको दिनमा जसपाको महाधिवेशन भयो भने गैरमधेशीले पार्टी कब्जा गर्नेछ । तर लोसपा पूर्णरूपले मधेशीको हक अधिकार दिलाउने उद्देश्य राखेको छ ।

**० अहिले चुनावमय भएको छ मधेश । चुनावलाई लक्षित गरेर तपाईं लोसपामा प्रवेश गर्नुभएको हो त ?**

– मैले चुनावमा उम्मेद्वारी दिन्छु भनेर लोसपामा प्रवेश गरेको होइन । चुनाव पनि आइरहेको छ, म स्थानीय, प्रदेश वा संघीय संसदका लागि आफ्ना दाबेदारी गरेको छैन । पार्टीले जे निर्णय गर्छ, त्यो मेरो लागि सर्वोपरि हुन्छ । मेरो आफ्नो अभियान कृषि क्रान्ति छँदैछ । यसमा मलाई पार्टीले सहयोग गर्छ भन्ने अपेक्षा लिएको छु । म लोसपामा प्रवेश गर्नुअघि विभिन्न चरणमा शीर्ष नेताहरूसँग मेरो वार्ता र सम्वाद भएको छ । अध्यक्ष ठाकुरजीले मेरो कृषि क्रान्ति अभियानमा सहयोग गर्ने प्रतिबद्धता गर्नुभएको छ ।

**० पार्टी नेतृत्वले तपाईंसँग के-के प्रतिबद्धता गरेको छ ?**

– मेरा केही मुद्दाहरू छन्, जस्तै समृद्ध मधेश, युवालाई आफ्नै देशमा रोजगार, युवालाई विदेश पलायनबाट रोक्न, कृषि क्रान्ति लगायतका छन् । मधेशलाई आत्म निर्भर बनाउनका लागि कृषि मात्र एक आधार हो । मैले त्यहीं कृषि क्रान्ति अभियानलाई अगाडि बढाइरहेको छु । यसमा मेरो पार्टीले भरपूर सहयोग गर्छ भन्ने प्रतिबद्धता र आशवासन पाएको छु ।

# रामचन्द्र 'द लिजेन्ड्री पर्सोनालिटी'



बेचन कुमार महतो

सामान्यतया एक विशिष्ट वा अद्वितीय विशेषता वा कौशलता को परिणाम स्वरूप कुनै व्यक्ति लिजेन्ड्री बन्ने गर्दछ ।कुनै पनि व्यक्ति रातारात लिजेन्ड्री बन्ने गर्दैन। तिनीहरू समयसँगै बढ्छन्, आफुलाई अब्बल सावित गर्नका लागि चुनौतीहरूको बीचमा जरा गाड्छन्। जब तनावको स्तर उच्चतम बिन्दुमा हुन्छ, आत्मविश्वास उपरको शंका र असफलताको दर्शनको सामना गर्न सजिलो हुन सक्छ । यहि नै एक लिजेन्ड्री मानबको प्रमुख विशेषता हो । म सरकारी सेवामा प्रवेश गरेको २४ वर्ष पुगि सकेको

## २. ईमान्दारिता

इमान्दारिताले पूर्ण र स्वतन्त्र जीवनको नेतृत्व गर्दछ। इमान्दारी भनेको सत्य बोल्नु मात्र होइन। इमान्दारिताले खुलापनलाई बढावा दिन्छ, हामीलाई सशक्त बनाउँछ र हामीले तथ्यहरू कसरी प्रस्तुत गर्छौं भन्नेमा एकरूपता विकास गर्न सक्षम बनाउँछ। इमानदारीले हाम्रो धारणालाई तिखो बनाउँछ र हामीलाई हाम्रो वरपरका सबै कुरालाई स्पष्टताका साथ अवलोकन गर्न अनुमति दिन्छ। इमानदारीता वा सत्यता भनेको नैतिक चरित्रको एउटा पक्ष हो जसले इमानदारी, सत्यता, सीधा, स्पष्ट आचरण एवं झूठ, धोखाधडी, चोरी, इत्यादिको अनुपस्थिति जस्ता सकारात्मक र सद्गुणात्मक विशेषताहरूलाई बुझाउँछ। इमान्दारितामा विश्वासयोग्य, वफादार, निष्पक्ष हुनु पनि समावेश हुने गर्दछ। डा. रामचन्द्र कँडेल आफैमा ईमानदारीताको परिचायक समेत रहेको कुनै दुईमत छैन। तटस्त आर्थिक आचरण, सादगीपुर्ण चारित्रिक प्रदर्शन , जिम्मेवारीमुलक समाजिक भुमिका तथा व्यवहारीक लचकता जस्ता अनेकन



डा. रामचन्द्र कँडेलको कार्यकालमा निर्मित बाघ प्रतिक्षालय तथा पार्क, महेश भवन, जनकपुरधाम

अन्य संरचनाहरूले उहाँमा नवाचारको खोजी केन्द्रित उत्कृष्टतालाई स्पष्ट पार्ने गर्दछ। अतः उहाँ एक लिजेन्ड्री क्यारेक्टर हो।

## ४. निर्धक्कता

आत्म विश्वासबिना नेतृत्वको अस्तित्व रहँदैन। आत्मविश्वास नै नेतृत्व निर्माणको जग हो। कमजोर जगमा घर बनाउनाले अस्तव्यस्त संरचना निम्त्याउँछ। डराउनेहरू सधैं सुरक्षित विकल्प रोज्छन्भने आत्मविश्वासीहरूले आफूसँग भएको जानकारी प्रयोग गरी आवश्यक कारवाहीको प्रकृया अगाडी बढाउने गर्दछन् ।कुनै पनि साहसी नेतृत्वले आफूलाई सुरक्षित मात्र राखी राख्ने निर्णयमा अल्झाउन चाहदैनन्। निर्धक्क भई कानुनी वैद्यताको आधारमा निर्णय लिई कार्यान्वयनमा जाने गर्दछन्। मन्त्रालयको सचिव भई कार्यारत रहँदाका बखत डा. कँडेलको निर्धक्क कार्यशैली र पेशागत मर्यादाको लागी राख्ने गरेको चट्टानी अडानले उहाँलाई एक लोह पुरूषको रूपमा पनि लिने गरिएको छ। सुशासनको मापदण्ड अनुसार कानुनी राज्यको अनुभुति हुने गरी कार्य सम्पादन, राजनैतिक परिवेश उपर तटस्थ रही वस्तुपरक योजना तर्जुमाको प्रयास तथा परिणाममुखी कार्यान्वयको लागी आफु र मातहात निकायका पदाधिकारीहरूमा विनापुर्वाग्रह निर्धक्कताका साथ कार्य बातावरण निर्माण हेतु उहाँको भुमिका स्मरणिय रहि रहेको छ।

## ५. महत्वाकांक्षा

व्यक्तिलाई दर्शन उन्नमुख गराउने अस्त्र भनेकै व्यक्तिवादी महत्वाकांक्षा हो जसले मानिसमा लिजेन्ड्री चरित्रको बिकास गर्दछ। महत्वाकांक्षी मानिसहरूले सपनाहरू मात्रै देख्दैन्न तिनीहरूले यसलाई पूरा पनिगर्दछन्। कर्नर अफिसको स्वामित्वको बारेमा दिवास्वप्न देख्नुको सट्टा दर्शनवाट प्रेरित व्यक्तिहरूले आफनो व्यवसायिक क्षमता विकास गर्न अरूलाई पनि आफ्नो टोलीमा सामेल गराई साझा वैचारिक धरातलमा रही प्रतिभा प्रदर्शनको लागी अरूलाई प्रेरित गर्ने गर्दछन्। धरातलिय रूपमा नेपाल वन सेवा, नेशनल

ठान्दछ ।लिजेन्ड्री नेतृत्वले सँगठनमा सँलग्न व्यक्तिको व्यक्तिगत आँकाक्षा भन्दा तथ्य परक साँगठनिक अपेक्षाहरूलाई प्राथमिकता दिने गर्दछन् र सोही अनुसार आफ्नो सँगठनमा उच्च स्तरको व्यवहार कायम राख्नु पर्ने आत्मवोध पनि गर्दछन्। ठानी सकेको कार्य सम्पन्न गरी छाड्ने दृढ संकल्प र कार्यान्वयन चरणमा आफ्नो रणनितीक पथवाट कति पनि विचलित नभई आफ्नो गन्तव्यको लागी प्रतिवद्ध रही रहने डा. कँडेलको पेशागत हठले सदैव साँगठनिक अपेक्षाहरूलाई



डा. रामचन्द्र कँडेल

प्राथमिकता दिने गरेको अनुभुत्ति भएकै हो। कर्तव्य पालनको लागी व्यक्तिगत स्वार्थ भन्दा साँगठनिक दर्शनको अनुयायी डा. रामचन्द्र कँडेल आफैमा लिजेन्ड्री पर्सोनालिटी रहेको बुझ्न सकिन्छ।

## ७. नम्रता

एक सशक्त नेतृत्व हुनुको एक महत्वपूर्ण विशेषता बौद्धिक नम्रता हो। नम्रता बिना कुनै पनि व्यक्ति सिक्न असक्षम रहन्छ। नम्र नेतृत्वले सर्वोत्तम हितको लागी लिईएका निर्णयहरू तथ्यमा आधारित छन भनि सुनिश्चित गर्न अरूबाट प्रतिक्रिया खोज्ने गर्दछन्। मानिसहरू उनीहरूलाई बेवास्ता गर्ने वा उपेक्षा गर्नेहरू भन्दा आफ्नो विचारलाई महत्व दिने नेतृत्व तर्फ आकर्षित हुन्छन्। नम्र स्वाभावको नेतृत्व सँग सकारात्मक सवाल जवाफ गर्न सहज हुने हुँदा परिस्थिति अनुकुल निर्णय लिन सहयोग पुग्दछ ।अतः जब कुनै व्यक्तिले यी व्यवहारहरू प्रदर्शन गर्छन् तब उसले आकर्षक भविष्यको चित्रण गरि रहेको हुन्छ

छ। यस अवधिमा म आफुले व्यवहार गरेको मेरा हाकिमहरू मध्ये हाल राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण विभागका महानिर्देशक एवं प्रदेश नं. २, उधोग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, जनकपुरधामका तत्कालिन (२०७७ भाद्र देखी २०७८ भाद्र सम्म)सविचडा. राम चन्द्र कँडेलले आफुलाई लिजेन्ड्री पर्सोनालिटीको रूपमा स्थापित गरेको मेरो अनुभुति रहेको छ। कारणहरू निम्नानुसार छन्ः

## १. लगनशीलता

एक उत्कृष्ट व्यक्तिको आवश्यक गुणहरू मध्ये एक चुनौतीहरू पार गर्ने क्षमता हो। जीवनमा हुन लायक कुनै पनि कुराले मुर्त रूप लिन समय लिन्छ।कुनै पनि व्यक्ति सफल हुनको लागी आफु अगाडीका अवरोधहरू पार गर्न दृढ संकल्पित रहनु पर्दछ। एक महान व्यक्ति हुनुको एक विशिष्ट गुण भनेकै अरूले रोकेको ठाउँमा जाने इच्छा गर्नु हो। समस्याको पहिलो सङ्केतमा हार मान्न सजिलो लाग्न सक्छ, । धेरैजसो मानिसहरूले गर्ने पनि त्यही नै हो तर लिजेन्ड्री व्यक्तिहरू समस्यको भुमरीमा पस्दछन्। लगनशीलता भनेकै समस्याहरूको भुमरीमा प्रवेश गर्ने निरन्तर आदम्य साहस हो। यदि कुनै व्यक्तिले मानिसहरूको समूहको नेतृत्व गर्दछ भने उसले आफ्नो लक्ष्यहरू प्राप्त गर्नको लागि टोलीलाई प्रभावकारी रूपमा मार्गनिर्देशन गर्न लगनशीलता प्रदर्शन गर्न आवश्यक छ। कुनै पनि नेतृत्वले सँगठनलाई अगाडि बढ्नबाट रोक्ने कठिनाइहरूको सामना गरि रहेका हुन्छन्। सफल नेतृत्वको सँकेत भनेकै सम्भावित समाधान खोज्ने र निर्णयहरूको कार्यान्वयन गर्ने हो। अतः यदि नेतृत्व सँग अवरोधहरूको सामना गर्दा दृढ रहन सक्ने क्षमता छैन भनेसँगठनले पीडा भोग्दछ तर निरन्तरको लगनशिलताले उपलब्धिको सम्भावना भने रहि रहन्छ। चाहे नियमित सार्वजनिक विदा होस या धार्मिक, साँस्कृतिक चाडपर्वको विदा होस, आफु र सम्वन्धित कर्मचारीहरूलाई नियमिति रूपमा आफ्नो तोकिएको जिम्मेवारी सम्वन्धमा झकझकाई रहने डा. कँडेलको पेशा प्रतिको लगनशिलताले उहाँलाई लिजेन्ड्री क्यारेक्टरको रूपमा परिभाषित गर्ने गरेको छ।

अव्ययहरूले उहाँ उपरको विश्वासलाई झन मजवुत बनाउने गर्दछ। सादा जिवन उच्च बिचारका धनी डा. कँडेल सचिवको रूपमा प्रदेश नं. २ मा कार्यरत रहँदा उहाँले समाजिक उत्तरदायित्वको लागी निर्वाह गर्नु भएको भुमिका स्मरणीय छ नै। चाहे जनकपुरधाम वन प्राविधिक समाजको स्वच्छता तथा वृक्षारोपण अभियान होस, चाहे दुधमती सफाई एवं गँगासागर सफाईको अभियान होस, चाहे होटल तथा पर्यटन व्यवसायीहरू सँगको सौहादर्ता होस या मिथिला वाईल्डलाईफ ट्रष्ट सँगको आर्थिक भार रहित सहकार्य होस वा मिथिला पेन्टिगँ प्रवर्द्धनको लागी प्रचारप्रसार सम्वन्धी गतिविधी होस, चाहे स्थानिय कला, सँस्कृत, ईतिहासको जर्गेना तथा संरक्षणको लागी



डा. रामचन्द्र कँडेलको विदाई फलक विदाई झलक

देखाउनु भएको ईमानदारीताले उहाँलाई लिजेन्ड्री व्यत्तित्वको रूपमा परिभाषित गर्ने गर्दछ।

[redacted] होईन
[redacted] गर्छन। पूर्णता
[redacted] हो जसमा आफु
[redacted] पदर्छ भन्ने
[redacted]। नवाचार खोजी
[redacted] हो। यो
[redacted] भएका व्यक्तिहरूले
[redacted] अझ राम्रो गर्ने
[redacted] व्यक्ति
[redacted] तर निरन्तर
[redacted] गर्ने तरिकाहरू
[redacted] लागि निरन्तर
[redacted]। डा. रामचन्द्र
[redacted] रूपमा प्रदेश नं. २
[redacted] उहाँको निर्देशन
[redacted] सम्पन्न
[redacted] सर्व प्रशंसनिय
[redacted] नै छ।
[redacted] रूपमा आउने
[redacted] तथा मन्त्रालय
[redacted] लागी निर्माण
[redacted] लगायतका

पार्क एण्ड वाईल्ड लाईफ समुह तर्फ सह-सचिवको रूपमा पदाधिकार भई प्रदेश सचिवको रूपमा कार्यरत रहँदा डा. कँडेलको महत्वाकाँक्षा भने समावेशी चरित्रको देखिन्छ। प्रादेशिक पर्यटन प्रवर्द्धनको प्रयाप्त सम्भावना बोकेको प्रदेशको दुवै छेउ अवस्थित संरक्षित क्षेत्रको विकास गर्दै

[redacted] अवलोकन प्रयोजनार्थ
[redacted] लागी उहाँ संरक्षित
[redacted] संरक्षण एवं
[redacted] अलि उदार नै
[redacted] टेरिटोरियल जिम्मेवारीमा
[redacted] तथा वन्यजन्तु
[redacted] पर्यटन प्रवर्द्धनको साझा
[redacted] प्रस्तुत गरि रहने
[redacted] बिकासको समावेशी
[redacted] रहेको पुष्टी हुन्छ। अतः
[redacted] पर्सोनालिटी हो।

[redacted] दर्शन सिर्जना गर्दछ
[redacted] प्राप्त गर्नको लागि
[redacted] साथ दीर्घकालीन र
[redacted] साथ लागु पनि गर्दछन्।
[redacted] व्यक्तिले जे भए पनि
[redacted] र यसको लागी कडा
[redacted] आफ्नो कर्तव्य

जसले सँगठनका अन्य सदस्यहरूलाई काम गर्न प्रोत्साहित गर्दछ। मन्त्रालय र मातहातका कर्मचारीहरूलाई सदैव मुस्कान सहितको सेवा प्रवाह, सेवाग्राहीलाई नागरीकको रूपमा नम्र व्यवहार तथा नमिल्ने कार्यको लागी स्पष्ट नम्रता प्रदर्शन गर्नको लागी उत्प्रेरीत गरि रहने डाक्टर साहवको आत्मवोधी मार्गदर्शनले उहाँलाई एक लिजेन्ड्री व्यूरोक्रेट्सको रूपमा चित्रण गर्न सकिन्छ।

## ८. सदभाव

कुनै पनि व्यक्ति उपरको वहु पक्षिय सम्मान तथा सदभावले निज कतिको लिजेन्ड्री रहेको भन्ने यर्थातको चित्रण गर्दछ। आफ्नो मात्रै बखान र प्रशंसा सुन्न ललायीत मपाईत्वमा रमाउने व्यक्तिले आम सदभाव भने कदापी पाउन सक्दैन। करीब एक दर्जन भन्दा बढी संघसंस्थाहरूवाट सदाचारीता र निष्ठाका प्रतिक डा. कँडेलको सरूवा विदाई कार्यक्रममा देखिएको सदभावरूपी उपस्थिति र उहाँलाई गरिएको भव्य विदाई सम्मानले उहाँ उपरको आम सदभाव झल्किन्छ र उहाँ एक लिजेन्ड्री पर्सोनालिटी रहेको चित्रण गर्दछ।

*(महतो प्रदेश नं. २ को उद्योग, पर्यटन, वन तथा वातारण मन्त्रालयअन्तर्गत भू-संरक्षण अधिकृत हुन्।)*

## मधेश अपडेट

### राष्ट्रिय जनता दल जसपामा समाहित

जनकपुरधाम। राष्ट्रिय जनता दल नेपाल जनता समाजवादी पार्टी नेपालमा समाहित भएको छ। पिछडा वर्ग महासंघद्वारा शुक्रबार जनकपुरधाममा आयोजित पार्टी एकीकरण तथा भातृ संगठन घोषणा कार्यक्रममा जसपाका अध्यक्ष उपेन्द्र यादव र राजद एवं पिछड़ा वर्गका अध्यक्ष भरत महतोले संयुक्त रूपमा राष्ट्रिय जनता दल जसपामा समाहित भएको तथा पिछ्डा वर्ग महासंघ जसपाको भातृ संगठन भएको घोषणा गरेका छन्। कार्यक्रमका प्रमुख अतिथि जसपा अध्यक्ष यादवले राज्यको विभेदपूर्ण नितिका कारण दलित, आदिवासी जनजाती महिला मुस्लिम सहितका पछि पारिएका समुदाय राज्यको मुल प्रवाहमा आउन नसकेको बताए। उनले मुलुकमा विभिन्न राजनीतिक परिवर्तन हरू भए पनि राज्यको सत्ता र शक्तिमा परिवर्तन हुन नसकेका कारण सर्वसाधारणले संघीय लोकतान्त्रिक गणतन्त्र को अनुभूति गर्न नसकेको उल्लेख गरे। नेपालको संविधानमै रहेको त्रुटीका कारण यस्ता समस्याहरू जन्मिएको उल्लेख गर्दै अध्यक्ष यादवले संविधानको तृटीहरू सच्च्याउदै सत्ता र शक्तिमा सबै जाति समुदायको सामर्थ्यअनुरूपको पहुँचका लागी जसपाले सडक, संसद र सरकार तिन वटै स्थानबाट एक साथ आवाज उठाई रहेको बताएका थिए। भरत महतोको अध्यक्षतामा भएको उक्त कार्यक्रममा संघीय संसद् एवं प्रदेश अध्यक्ष रामबाबु यादव, सांसद प्रमोद साह, डा. सूर्य, नारायण यादव, केन्द्रिय सदस्य डा राम स्वार्थ राय सहितका वक्ताहरूले शुभकामना मन्तब्य राखेका थिए।

### सांसद डा.अमरेश सिंह पराजित

सर्लाही। नेपाली कांग्रेसका प्रभावशाली नेता तथा संघीय सांसद डा.अमरेशकुमार सिंह १४औं महाधिवेशन प्रतिनिधिमा पराजित भएका छन्। सर्लाही निर्वाचन क्षेत्र नं. ४ बाट प्रत्यक्ष निर्वाचित सांसद डा.सिंहलाई प्रदेश नं. २ का महिला बालबालिकामत्ती वीरेन्द्र प्रसाद सिंहले दोब्बरभन्दा बढी मतले पराजित गरेका छन्। १४औँ महाधिवेशनमा केन्द्रमा चुनाव लड्ने तयारीमा रहेका सिंह आफ्नै निर्वाचन क्षेत्र सर्लाही-४ मा पराजित भएका हुन्। सर्लाही-४ मा महाधिवेशन प्रतिनिधिका लागि मंगलबार सम्पन्न मतदानमा प्रदेश २ का महिला बालबलिका मन्त्री वीरेन्द्र प्रसाद सिंह ५१६ मत पाएर प्रतिनिधि बन्दा सिंह २४८ मत पाएर पराजित भए। उनी प्यानलसहित पराजित भएका हुन्। मन्त्री सिंहको प्यानलबाट सुरेन्द्रप्रसाद सिंह ५ सय १६, वीरेन्द्रप्रसाद सिंह ५ सय १४, राजेश्वरप्रसाद सिंह ५ सय १४, रघुवीर कार्की ५ सय १३ मतसहित महाधिवेशन प्रतिनिधि बनेका छन्।

### कांग्रेस प्रदेश २ को अधिवेशन स्थगित

जनकपुरधाम। नेपाली कांग्रेस प्रदेश २ को नयाँ नेतृत्व चयनका लागि हुने भनिएको अधिवेशन तत्कालका लागि स्थगित गरिएको छ। नेपाली कांग्रेसका केन्द्रीय सदस्य समेत रहेका प्रदेश २ संयोजक रमेश रिजालले सोमबार जनकपुरमा पत्रकार सम्मेलन गरी प्रदेश अधिवेशनको सम्पूर्ण कार्यक्रम स्थगित गरिएको जानकारी दिए। उनले प्रदेशको ८ वटा निर्वाचन क्षेत्रको अधिवेशन नभएको र जनकपुरधाममा विवाहपञ्चमी महोत्सव चलिरहेकाले अधिवेशन गराउन सक्ने अवस्था तत्कालका लागि नरहेको पनि स्पष्ट पारे। संयोजक रिजालले भने 'प्रदेशको ८ वटा क्षेत्रको अधिवेशन भएको छैन, विवाहपञ्चमी महोत्सव पनि चलिरहेको छ, यस्तो अवस्थामा निर्वाचन गराउनु काबु बाहिरको कुरा हो।' प्रदेश २ को सर्लाही जिल्लाको कुनै पनि निर्वाचन क्षेत्रको अधिवेशन हुन सकेको छैन भने महोत्तरी, बारा र सप्तरीको १/१ वटाको अधिवेशन हुन सकेको छैन।

### लुम्बिनी प्रदेश सभापतिमा अमरसिंह

रूपन्देही। नेपाली कांग्रेस लुम्बिनी प्रदेश सभापतिमा अमरसिंह पुन मगर विजयी भएका छन्। संस्थापन इतर समूहका पुनले संस्थापन पक्षका भरतकुमार साहलाई पराजित गर्दै लुम्बिनी प्रदेश सभापतिमा विजयी भएका हुन्। निर्वाचनमा १६ सय ३१ मत खसेकोमा पुनले ८५२ मत ल्याई विजयी भएका हुन् भने उनका प्रतिद्वन्द्वी शाहले ७६७ मत पाएका छन्। दुई उपसभापतिमा संस्थापन इतरका भुवन श्रेष्ठ (गुल्मी) र संस्थापन पक्षका राजु खनाल (दाङ) विजयी भएका छन्। यस्तै महामन्त्रीमा विक्रम खनाल (नवलपरासी पश्चिम) र सुरेन्द्रराज आचार्य (कपिलवस्तु) विजयी भएका छन्। महिला सहमहामन्त्रीमा निमा गिरी विजयी भएकी छन्। खुल्ला सहमहामन्त्रीमा अर्घाखाँचीका विष्णु खनाल मुस्कान र दाङका खगराज पाण्डे विजयी भए।

### प्रदेश सदस्यमा डा.अलविरा

इमरान खान, कपिलवस्तु। नेपाली कांग्रेस लुम्बिनी प्रदेश अधिवेशनमा कपिलवस्तुकी सबैभन्दा कान्छी मुस्लिम महिला उम्मेद्वार २४ वार्षीया डा. अलविरा खान प्रदेश सदस्यमा विजयी भएकी छिन्। डा. अलविरा खान निर्वाचित भएको निर्वाचन समितिले जनाएको छ। मुस्लिम महिला नेतृत्व डा. अलविरा खानले सबैभन्दा धेरै र लोकप्रिय मत पाएको कपिलवस्तु कांग्रेसका नेता कार्यकर्ताहरूले जनाएका छन्। कांग्रेसको १४औं महाधिवेशनमा मुस्लिम महिलाहरूले कब्जा जमाइरहेको बेला कपिलवस्तुमा पनि मुस्लिम महिला नेतृत्व डा.अलविरा खानले सबैभन्दा बढी मत पाएर नेपाली कांग्रेस लुम्बिनी प्रदेश सदस्य पदमा निर्वाचित भएकी हुन्। मुस्लिम महिलातर्फको कोटाबाट उम्मेदवार बनेकी उनी शुक्रबार दिनभर प्रतिनिधिसँग भोट मागिरहेकी थिइन्। शनिबार पनि उनले बिहानैदेखि आफूलाई जिताउन आग्रह गर्दै मतदातासँग मत मागिरहेकी थिइन्। काँग्रेसको १४ औं महाधिवेशनबाट क्रियाशील सदस्यता लिएको उनले बताइन्। 'मैले १८ वर्षको उमेरमा काँग्रेसको क्रियाशील सदस्यता लिएकी हुँ, अहिले २४ वर्षकी भएँ, प्रदेश सदस्य भएर जिम्मेवारी निर्वाह गर्न सक्छु भन्ने लागेको छ,' डा. अलविराले बताइन्।

### ओमिक्रोन भित्रिन नदिन सीमामा उच्च सतर्कता

रूपन्देही। कोरोना भाइरस (कोभिड-१९) को नयाँ भेरियन्ट ओमिक्रोन नेपाल भित्रिन नदिनका लागिा रूपन्देहीको सीमा क्षेत्रमा उच्च सर्तकता अपनाइएको छ। भारतमा ओमिक्रोन भित्रिनुका साथै नेपालमा पनि दुई जना संक्रमित फेला परेकोले रोकथान तथा नियन्त्रणका लागि जिल्ला कोभिड- १९ सङ्कट व्यवस्थापन समिति (डिसिसिएमसी) को बैठकले सो निर्णय गरेको हो। जिल्लाको बेलहिया नाकालगायतका अन्य विभिन्न नाकामा पनि उच्च सर्तकता अपनाउन सम्बन्धित पालिकालाई पत्राचार गरिएको छ। विदेशी नागरिकको निगरानी गर्नुका साथै, जाँचलाई कडाइ गर्न र सचतेना फैलाउने काम गर्ने विषयलाई ध्यान दिइएको छ। बेलहिया नाकाबाट भारतलगायत, अष्ट्रेलिया, नेदरल्याण्ड, चीनलगायतका मुलुकबाट पर्यटक नेपाल भित्रिने गर्छन्। सीमा क्षेत्रमा मास्क र सेनिटाइजरको प्रयोगलाई कडाइ गर्दै खोपको मात्रा पूरा भएको वा नभएकोसमेत निगरानीमा राख्न र शङ्कास्पद भए 'रेपिड एन्टिजोन टेष्ट' गर्न निर्देशन दिइएको हो।

### कांग्रेस प्रदेश २ को सभापतिमा कृष्ण यादवको उम्मेदवारी घोषणा

जनकपुरधाम। नेपाली कांग्रेस प्रदेश २ का सभापतिमा कृष्ण यादवले आफ्नो उम्मेदवारी घोषणा गरेका छन्। प्रदेश सभापतिमा चार आकांक्षी मध्ये अन्य दुई आकांक्षीको सहमतिमा यादवले आफ्नो उम्मेदवारी घोषणा गरेका हुन्। जनकपुरधाम शुक्रबार पत्रकार सम्मेलनको आयोजना गर्दै रौतहटका जिल्ला सभापतिसमेत रहेका यादवले देउवा समूहबाट आफू उम्मेदवारी दिने घोषणा गरेका हुन्। सभापतिको उम्मेदवारी दिने घोषणा गरेका यादव आफू शेरबहादुर देउवाको समूहबाट सर्वसम्मत रूपमा उम्मेदवारी दिन लागेको बताए। प्रदेश सभापतिका आकांक्षी महोत्तरीका जिल्ला सभापति महेन्द्र यादव, सप्तरीका सभापति दिनेश यादव, धनुषाका रामसरोज यादव र रौतहटका कृष्णा यादव रहेकोमा रामसरोजबाहेक दुई आकांक्षी आफूलाई समर्थन गरेको दाबी गरे। यद्यपी उम्मेदवारी घोषणा गर्न आयोजना गरिएको पत्रकार सम्मेलनमा सप्तरीका सभापति अनुपस्थित थिए। सप्तरीका सभापति जनकपुरधाम आउन नसकेर पत्रकार सम्मेलनमा सहभागी हुन नसकेको देउवा समूहले जनाएको छ। महोत्तरीका जिल्ला सभापति, प्रदेश २ का निर्वाचन संयोजक रमेश रिजाल, आनन्द प्रसाद ढुंगाना, महेन्द्र यादव, चित्रलेखा यादवको उपस्थितिमा कृष्णा यादवले उम्मेदवारी दिने घोषणा गरेका हुन्। नेता रिजालले पौडेल पक्षलाई समेत समेटने अहिले पूरा प्यानलको घोषणा नगरेको समेत बताए। नेता रिजालले भने, 'हामी पौडेल पक्षसँग पनि छलफलमा छौं। सहमति भएसँगै अधिवेशनमा जान्छौं। तर सभापतिमा भने कृष्णा नै रहेछन्।' प्रदेश २ मा अब शेरबहादुर देउवा र विमलेन्द्र निधिपक्ष प्रतिस्पर्धी भएका छन्। निधि पक्षबाट प्रदेश २ का भौतिक पूर्वाधार विकास मन्त्री समेत रहेका रामसरोज यादवले आफू उम्मेदवारी दिने घोषणा गरिसकेका छन्।

# पिछडावर्ग (OBC) लाई आरक्षण किन ?



कौशल कुमार सिंह (कुशवाहा)

आरक्षण भनेको राज्यद्वारा दिईने विशेष व्यवस्था हो । राज्यले सबै वर्गलाई शासन सत्तामा समानता कायम होस् र सबैलाई सामाजिक न्याय होस् भनेर शासन सत्ताभन्दा बाहिर रहेका कमजोर वर्ग, समुदायलाई विशेष सुविधा अर्थात् आरक्षणको माध्यममार्फत समानता कायम गरिन्छ । यो एउटा अन्तर्राष्ट्रिय पद्धति हो । जस अन्तर्गत पिछडावर्ग (OBC) ले पनि जनसंख्याको अनुपातमा आरक्षणको माग गरिरहेका छन् । तर राज्य संचालन तहमा रहेका शासकवर्गले पिछडावर्ग (OBC) लाई आरक्षणबाट बञ्चित राखी झन पछाडी पार्ने कार्य गरिरहेका छन् ।

हुनत् पिछडावर्गभित्र ओबीसी, दलित, आदीवासी जनजाति सबै पर्दछन् तर नेपालमा पिछडावर्ग भनेर ओबीसी (OBC) लाई मात्र संबोधन गर्ने हुनाले पिछडावर्ग समिति भएको हो । भारतमा पिछडावर्ग अन्तर्गत ओबीसी, दलित, आदीवासी जनजाति सबैलाई समेटेको पाईन्छ । जस अनुसार पछाडी परेका सबै वर्ग समुदाय पिछडावर्ग अन्तर्गत रहेका छन् ।

संविधानमा समावेशीको लागि बनाएको क्लस्टरमा कुनै वैज्ञानिक आधार नअपनाई दबाब, प्रभाव, लोभ, लालच र शासक वर्गको स्वार्थमा बनाएको क्लस्टरले पछाडी परेका वर्ग, समुदाय र जातजातिलाई धेरै फाइदा पुग्ने देखिदैंन् । पछाडी परेका वर्ग समुदायलाई टुक्रा-टुक्रा गरी अनेक भागमा दिएको अधिकारबाट उनीहरू लाभान्वित हुन सक्दैन् र राज्यको निर्णायक तहमा पनि पुग्न सक्दैन् । कथमकदाचित् पुगे पनि शासक वर्गको दास बन्नु पर्ने अवस्था हुन्छ ।

विगतको दुई वटा संविधान सभाको निर्वाचनमा सफल कार्यान्वयन भईसकेका ६०% समानुपातिक प्रतिनिधित्वको व्यवस्थालाई शासक वर्गले संविधान बनाउने बेला त्यसलाई उल्टाएर ४०% मा झारे र देशको शासन सत्तामा रहेका खस आर्यलाई संविधानमा नै परिभाषित गरेर समानुपातिक पद्धतिमा राखेर सिट सुरक्षित गर्ने कार्य समेत गरे । जसले समानताको शासनको मर्म र भावनालाई चोट पुऱ्याउने काम भएको छ । संविधानमा एउटा जातको परिभाषा भएपछि पिछडावर्ग (OBC) लगायत अन्य समुदायका जातजातिमाथि भेदभाव भएको छ ।

त्यस्तै, महिला आरक्षणमार्फत पनि अन्य समुदायका महिलाहरूमाथि भेदभाव भईरहेको छ । महिला आरक्षणमार्फत कमजोर वर्ग, समुदायका महिलाहरूलाई माथि उठाउनु पर्नेमा बलिया वर्ग र तिनका घरका महिलाहरू महिला आरक्षणको नाउँमा ठाउँ पाईरहेको अवस्था छ । महिला आरक्षणको नाममा शासक वर्गले आफ्नो परिवार र नाता गोतालाई पदमा पुऱ्याएर शासन सत्ताको बागडोर आफ्नो कब्जामा राख्ने रणनीति अखित्यार गरेका छन् ।

अहिलेको संविधानमा पछाडी परेका वर्ग, समुदाय र जातजातिहरूलाई अधिकार दिईने प्रावधान गरिएको छ । तर समावेशीको सिद्धान्त र समानुपातिक प्रतिनिधित्वको मर्म एवं भावनालाई कुल्चिएको प्रष्ट हुन्छ । वर्तमान संविधानको धारा ८४ को उपधारा २ र धारा १७६ को उपधारा ६ मा समानुपातिक प्रतिनिधित्वको लागि कलस्टर कायम गरिएको छ । सो कलस्टरलाई हेर्ने हो भने यो समावेशितालाई विवादास्पद बनाउने र विस्तारै विवादमा पारेर समावेशी व्यवस्थालाई नै समाप्त पार्ने खालको देखिन्छ । अहिलेको संविधानमा गरिएको व्यवस्थाले एउटा जात र एउटा धर्मको नाममा कलस्टर कायम गरिएको छ भने शासन सत्ताको माथिल्लो भागमा रहेका खसआर्य समुदायलाई समेत समावेशिताभित्र राखिएकाले यो कलस्टर आफैंमा विवादास्पद बनेको छ ।

समावेशी सिद्धान्त अनुसार समानुपातिक प्रतिनिधित्वको व्यवस्थालाई अगाडी बढाउँदा कमजोरलाई विशेष सुविधा दिएर अगाडी बढाउने र बलियालाई सामान्य तवरले अगाडी बढन दिईने अन्तरराष्ट्रिय चलन रहेको छ । तर यहाँ कमजोरले विशेष सुविधा माग गरियो भने बलियालाई पनि कुनै न कुनै रूपमा विशेष सुविधा दिईने व्यवस्था कायम गरिन्छ । जसले समानताको सिद्धान्तलाई प्रभावित गर्ने गर्छ भने कमजोर वर्गको विकास र उत्थानमा बाधा उत्पन्न गरिन्छ ।

समानुपातिक प्रतिनिधित्वलाई समानताको सिद्धान्त अनुसार अगाडी बढाउन वैज्ञानिक पद्धतिअनुसार गरिन्छ । जस अन्तर्गत विशेष सुविधा दिन आर्थिक, सामाजिक र राजनीतिक रूपमा पछाडी परेका कमजोर वर्ग, समुदाय र जातजातिको पहिचान गर्ने तथा समुहगत रूपमा विशेष सुविधाको व्यवस्था गर्ने । न कि एउटा जात र धर्मको नाममा । अर्कोतर्फ वित्तीय रूपमा पछाडी परेका व्यक्तिको वित्तीय सीमा निर्धारण गरी विशेष सुविधाको प्रावधान कायम गर्ने । यस्ता व्यवस्था संसारका धेरै मुलुकले प्रचलनमा ल्याएका छन् । तर हामी कहाँ यस्ता कुनै पनि वैज्ञानिक अथवा अन्तरराष्ट्रिय प्रचलनलाई अंगिकार गरेको पाईदैं न् । त्यसको विपरित आफ्नो राजनीतिलाई फाईदा पुग्ने, आफ्नो राजनीतिक दललाई सहयोग गर्नेलाई स्थान दिईने गरिन्छ, जसले सधैं लोकतन्त्रमाथि प्रश्न उठ्ने गरेका छन् ।

अहिले संविधानको धारा धारा ८४ को उपधारा २ र धारा १७६ को उपधारा ६ मा कायम गरिएको ८ र ९ वटा कलस्टरले न त वैज्ञानिक आधारलाई नै मानेको छ र न त कुनै अन्तरराष्ट्रिय प्रचलनलाई नै अंगीकार गरेको छ । यो त केवल कसैको रहर र व्यक्तिगत हितलाई मध्येनजर गरी व्यक्तिगत एवं दलगत स्वार्थमा ल्याएको प्रावधान मात्र हो । जसले समानतालाई कहिले पूर्ण गर्न सकिंदैन भने सामाजिक न्यायलाई कदापी स्थापित गर्न सक्दैन् ।

समानताको सिद्धान्त अनुसार आफ्नो प्रतिनिधित्वलाई स्थापित गराउन सक्रिय समुहलाई पहिचान गर्न सरकारले अहिलेसम्म कुनै निकायको गठन नै नगरी दबाब र प्रभावमा आएर विशेष सुविधाको व्यवस्था गर्दा यो सधैं विवादमा पर्ने गरिन्छ । राजनीतिक पहिचान र समानताको लागि प्रतिनिधित्वको विषय फरक भए पनि अहिले दुवैलाई एउटै बास्केटमा राखेर हेर्ने प्रवृतिले समानताको लागि हुने प्रतिनिधित्व प्रणालीमाथि राजनीतिकरण बढेको हो ।

अहिले मधेशी आरक्षण छुट्टै छ भने दलित र आदिवासी जनजातिको लागि छुट्टै व्यवस्था गरिएको छ । यसका साथै मुस्लिम र थारूलाई धर्म तथा जातिको आधारमा छुट्टै समानुपातिक व्यवस्था गरिएको छ । तर ४० वटा जाति मिलेर बनेको पिछडावर्ग (OBC) समुदायलाई स्वीकार गरेको छैन् । मधेशीको नाममा दिएको आरक्षणमा पनि दलित, आदिवासी जनजाति, मुस्लिम र थारू पर्ने गरिन्छ भने मधेशका उच्च जात भनेर चिनिनेहरू र आर्थिक दृष्टिकोणले सम्पन्न जात एवं व्यक्तिहरू समेत मधेशीको नाममा भाग पाउने गरेकाले मधेशका पछाडी परेका समुदायको प्रतिनिधित्व कसरी हुने विषय अन्यौल बनेको छ । त्यसकारण अब मधेशीका नाममा रहेको आरक्षणलाई बदलेर पिछडावर्ग (OBC) को नाममा दिनुपर्ने माग उठेको छ । र, यो माग सान्दर्भिक पनि हो । यस विषयमा बहस हुनै पर्छ र समावेशी सिद्धान्त अनुसार समाजमा रहेका कमजोर वर्ग, समुदाय र जातजातिहरूलाई वैज्ञानिक आधारमा समानुपातिक प्रतिनिधित्वको व्यवस्था हुनुपर्दछ । जसले समाजका हरेक वर्गलाई फाईदा पुऱ्याउने छ । तर यसको लागि राज्य संचालनमा रहेकाले हिम्मत गर्नु पर्दछ । कसैको दबाब र प्रभावमा नपरेर देश र समाजको हितमा निर्णय गर्नु पर्दछ ।

समानताको शासन र सामाजिक न्यायको स्थापना विना जनताले लोकतान्त्रिक अधिकारको उपभोग गर्न सक्दैन भने लोकतान्त्रिक शासन व्यवस्था पनि बलियो हुँदैन । शासन व्यवस्थामा सबै वर्ग, समुदाय र जातजातिहरूको समान प्रतिनिधित्व हुनुपर्दछ भन्ने लोकतान्त्रिक मान्यता रहेको छ । यसलाई पूर्णता दिन राज्यको नीति र सिद्धान्त पनि समानतामा आधारित हुनुपर्दछ । अनि मात्र राज्य समावेशी बन्न सक्छ । समावेशी विनाको राज्य तानाशाही र एकपक्षीय हुन जान्छ । त्यसैकारण समावेशी लोकतन्त्रको आवधारणा आएको हो । र, अहिले सबै राजनीतिक दल समावेशी लोकतन्त्रको पक्षमा बोल्ने गरेका छन् । तर त्यो बोलीमा मात्र सिमित रहेकाले राज्यको चरित्र समावेशी बन्न सकेको छैन् । यसलाई व्यवहारमा लागू गरे मात्र देशमा शान्ति र विकास समान रूपमा अगाडी बढन सक्छ भने देश र जनताले लोकतन्त्रको सच्चा अनुभूति गर्न सकिनेछ ।

(लेखक, लोक दलका अध्यक्ष हुन् ।)
kausal101@gmail.com

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
पुल महाशाखा

जानकारीमूलक सूचना

१. पुलहरूमा जथाभावी दिसा-पिसाब र फोहोर नफालौं । यसले पुलको आयु घटाउँछ ।
२. पुलको तलमाथि खोलाबाट बालुवा, ठिट्टी, ढुंगा, माटो आदि झिक्दा पुल भत्किन सक्छ । पुलको ५०० मिटर तलमाथि माटो, बालुवा पानी नझिकौं ।
३. पुलमाथि सकभर सीमित गतिमा सवारी चलाउने बानी बसालौं ।
४. मानव शरीरमा रहेको रक्त स्नायु तन्त्रस्तै पुल सडकको अभिन्न अंग हो । एक ठाउँमा रक्तनली काटिन जाँदा पक्षघात भएजस्तै पुल भत्किन जाँदा सडक उपयोगहीन हुन्छ र मानव जीवन अस्तव्यस्त हुनसक्छ ।

- जीवनाशक विषादीहरू नि:सन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. २, धनुषा, नेपाल
इमेल : malcprovince2@gmail.com

## संक्षिप्त समाचार

### कृषि विश्वविद्यालयको उपकुलपति नियुक्त

जनकपुरधाम । प्रदेश नं २ सरकारको महत्वाकांक्षी कार्यक्रमको रूपमा रहेको कृषि विश्वविद्यालयको स्थापना तथा संचालनको शुरूआतको सिलसिलामा उपकुलपतिको नियुक्ति गरिएको छ । प्रदेश २ का नीति तथा योजना आयोगका पूर्वसदस्य मिर्चैया न.पा.-०२ का डा.वैधनाथ महतोलाई सहकुलपति तथा सामाजिक विकास मन्त्री नवलकिशोर साहको सिफारिसमा कृषि विश्वविद्यालयका कुलपति मुख्यमन्त्री लालवाबु राउतले उपकुलपतिको नियुक्ति गरेका हुन् । डा. महतो कृषिका अब्बल वैज्ञानिक हुन ।

### कांग्रेस दर्जनौं कार्यकर्ता जसपामा प्रवेश

जनकपुरधाम । नेपाली काँग्रेसका पूर्ववडा सभापतिसहित दर्जनौ नेता कार्यकर्ता जनता समाजवादी पार्टी नेपालमा प्रवेश गरेका छन । जनकपुरधाम उपमहानगर पालिका वडा नं. २४ बसहियाका नेपाली काँग्रेसका पूर्ववडा सभापति अहमद हुसैनको नेतृत्वमा तीन दर्जन नेता कार्यकर्ता नेपाली काँग्रेस परित्याग गरी शनिबार जसपा प्रवेश गरेका हुन् । बसहियामा शनिबार आयोजित पार्टी प्रवेश कार्यक्रममा प्रमुख अतिथि जसपाका प्रदेस उपाध्यक्ष शेष नारायण यादव सहितले नवप्रवेशीहरूलाई अबिर माला लगाई स्वागत गरेका थिए । वडा कमिटी अध्यक्ष सद्दाम हुसेनको अध्यक्षतामा भएको उक्त कार्यक्रममा जसपा केन्द्रीय निर्वाचन समिति सदस्य जितेन्द्र यादव, प्रदेश कमिटी सदस्य आतिश मिश्र, जिल्ला अध्यक्ष पशुपति यादब, नगर अध्यक्ष बिष्णुदेव साह, वसिम अकरम, सन्तोष झा सहितका वक्ताहरूले नवप्रवेशीहरूलाई स्वागत गरेका थिए ।

### पोखरियामा करेन्ट लागेर महिलाको मृत्यु

पर्सा । पोखरिया नगरपालिका-७ रानीगञ्ज बस्ने ४५ वर्षीया मुनी देवी साहको करेन्ट लागेर मृत्यु भएको छ । बिहीबार दिउँसो वीरगंज महानगरपालिका-१ छप्कैया बस्ने वीरेन्द्र साहको घरमा बुहारीको भाइको बिहेमा गएको अवस्थामा घरको छतमा कपडा सुकाउन जादा करेन्ट लागेको थियो । छतमा रहेको तारमा करेन्ट लागेर गम्भीर घाइते भएकी उनको उपचारको लागि वीरगंजस्थित नारायणी अस्पतालतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

### डुबेर डेढ वर्षीया बालिकाको मृत्यु

कपिलवस्तु । बुद्धभूमि नगरपालिका-५ प्रेमनगरस्थित बिबिएस इँटाभट्टामा काम गर्ने कैलाली जोशिपुर गाउँपालिका-१ पिपरकोटी घर भएका प्रबिन कुमार दंगौडाकी डेढ वर्षीया छोरी आकृती दंगौडाको डुबेर मृत्यु भएको छ । बिहीबार दिउँसो खेल्ने क्रममा सोही इँटाभट्टा नजिक पानी जम्मा गर्ने खाडलमा डुबेर अशक्त भएकी उनको जिल्ला अस्पताल तौलिहवामा उपचारको क्रममा मृत्यु भएको हो ।

### करेन्ट लागेर मृत्यु

बाँके । खजुरा गाउँपालिका-६ गिजरा बस्ने ३१ वर्षीया मनकली सुनारको करेन्ट लागेर शुक्रबार बिहान मृत्यु भएको छ । आफ्नै घरको धारामा पानी तान्ने क्रममा धारासँगैको मोटरबाट करेन्ट लागेर गम्भीर घाइते भएका उनको उपचारको लागि भेरी अस्पताल नेपालगंजतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो ।

### ब्राउन सुगरसहित २ जना पक्राउ

पर्सा । वीरगंज महानगरपालिका-१६ रजतजयन्ती चोकबाट १ ग्राम अवैध लागूऔषध ब्राउन सुगर जस्तो देखिने पदार्थ सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । आइतबार साँझ पक्राउ पर्नेहरूमा मकवानपुर मनहरी गाउँपालिका-९ बस्ने २२ वर्षीय सुनिल सोनार र मकवानपुर हेटौंडा महानगरपालिका-११ बस्ने आयुस बिश्वकर्मा रहेका छन् । लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय र प्रहरी चौकी इनर्वाबाट खटिएको प्रहरीले भारतबाट वीरगंजतर्फ आउँदै गरेका उनलाई जाँच गर्नेक्रममा उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो ।

### कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी पक्राउ

मोरङ । कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी बुढिगंगा गाउँपालिका-६ डल्लेपुल बस्ने २६ वर्षीय धन बहादुर तामाङलाई प्रहरीले पक्राउ गरेको छ । बुढिगंगा गाउँपालिका-७ स्थितमा गत कार्तिक २८ गते बेलुकी धनकुटा पाखीबास नगरपालिका-४ बस्ने २६ वर्षीय रिजन दाहाललाई पुरानो रिसिवीका कारण धारिलो हतियार खुकुरी प्रहार गरी गम्भीर घाइते बनाएकोमा उपचारको क्रममा उनको मृत्यु भएको थियो । तत्काल फरार रहेका उनलाई जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरीले मोरङ सुनवर्षी नगरपालिका-८ सिक्टी एरियाबाट फेला पारी पक्राउ गरेको हो । उनीउपर जिल्ला अदालत मोरङबाट कर्तब्य ज्यान मुद्दामा २ दिन म्याद थप अनुमती प्राप्त गरी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

### १८ लाख रूपैयाँ बराबरको जुत्तासहित पक्राउ

रूपन्देही । बुटवल उपमहानगरपालिका-२ तिनाउपुलमा अवैध रूपमा ल्याउँदै गरेको करिब १८ लाख रूपैयाँ मूल्य बराबरका विभिन्न कम्पनीका जुत्ताहरूसहित सैनामैना नगरपालिका-४ मुर्गिया बस्ने ३२ वर्षीय बिष्णु थारूलाई आइतबार बिहान प्रहरीले पक्राउ गरेको छ । कपिलवस्तुबाट बुटवलतर्फ जाँदै गरेको लु.१ च ८२१३ नम्बरको बलेरोलाई जिल्ला प्रहरी कार्यालय रूपन्देहीबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा उक्त गाडीमा अबैध रूपमा ल्याउँदै गरेको उक्त सामानसहित गाडीका चालक बिष्णुलाई प्रहरीले पक्राउ गरेको हो । बरामद भएको सामान आवश्यक कारबाहीका लागि भन्सार कार्यालय बेलहिया रूपन्देही पठाईएको छ ।

### ब्राउनसुगरसहित एक जना पक्राउ

बाँके । नेपालगञ्ज उपमहानगरपालिका-१६ जयसपुरबाट करिब ५ ग्राम ५ सय मिलिग्राम अवैध लागूऔषध ब्राउनसुगर सहित सोही ठाउँ बस्ने ३० वर्षीय शेर जोलाहालाई बुधबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । भारतबाट नेपालतर्फ ल्याउँदै गरेको उक्त ब्राउनसुगर सहित फेला पारी लागूऔषध नियन्त्रण व्यूरो नेपालगंज र सिमा प्रहरी चौकी जयसपुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

### कुटपिट गरी हत्या गर्ने ३ जना पक्राउ

रौतहट । चन्द्रपुर नगरपालिका-१ मंगलपुर बस्ने २८ वर्षीय गोपाल थिङको कुटपिट गरी हत्या गरेको अभियोगमा ३ जनालाई मंगलबार बिहान प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा उनकै दाइ ३५ वर्षीय रविन्द्र थिङ, माईजु नाता पर्ने ४२ वर्षीया दुधिमाया पाखिन र काठमाडौं घर भएका मामा नाता पर्ने ३९ वर्षीय आषिश पाखिन रहेका छन् । मंगलपुरमा कुटपिटबाट मानिसको मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय चपुर र प्रहरी चौकी पौराहीबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो ।

### लागूऔषध र नगदसहित युवक पक्राउ

मोरङ । उर्लाबारी नगरपालिका-३ नमुना टोल बस्ने बाबुराम थारू र सोही ठाउँ बस्ने ३१ वर्षीय सन्तोष तामाङलाई १ ग्राम १ सय ७० मिलिग्राम अवैध लागूऔषध ब्राउन सुगर र नगद ११ हजार १ सय १० रूपैयाँ सहित मंगलबार बिहान प्रहरीले पक्राउ गरेको छ । बाबुरामको घरमा लागूऔषध कारोबार गर्ने गरेको भन्ने सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय उर्लाबारीबाट खटिएको प्रहरीले जाँच गर्नेक्रममा बाबुरामको साथबाट उक्त लागूऔषध फेला पारी उनीहरूलाई पक्राउ गरेको हो ।

### ब्राउनसुगरसहित एक जना पक्राउ

बाँके । नेपालगञ्ज उपमहानगरपालिका-१२ रंगशाला अगाडिबाट करिब ३ ग्राम अवैध लागूऔषध ब्राउन सुगरसहित एक जना पक्राउ परेका छन् । सोही उपमहानगरपालिका-१८ कारकादो बस्ने कृष्ण घर्ती क्षेत्रीलाई बुधबार बिहान प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय बाँके र लागूऔषध नियन्त्रण ब्यूरो नेपालगञ्जबाट खटिएको संयुक्त प्रहरी टोलीले जाँच गर्नेक्रममा कृष्णको साथबाट उक्त लागूऔषध फेला पारी पक्राउ गरेको हो ।

### युवक मृत फेला

कपिलवस्तु । शिवराज नगरपालिका-२ वझवा बस्ने ४५ वर्षीय चिन्कु थारू घरबाट करिब १ सय ५० मिटर टाढा रहेको खेतमा सोमबार मृत अवस्थामा फेला परेका छन् ।

# रेशम चौधरीकी श्रीमतीको राजनीतिक प्रतिवेदन

**रन्जिता श्रेष्ठ चौधरी**

आदरणीय बुद्धिजीवी वर्ग, दाजुभाइ तथा दिदीबहिनीहरू ।

२०७२ भाद्र ७ गते टीकापुरमा घटित राजनीतिक घटना थारू विद्रोह बारेमा सबैलाई सर्वविदितै छ । सर्वप्रथमतः टीकापुर घटनामा सहिद हुने बालकसहित वीर प्रहरीहरूलाई श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । साथै सहिद परिवारलाई धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरून्, यही कामना गर्न चाहन्छु ।

मुलुकमा जारी हुन गइरहेको नयाँ संविधानमा आफ्ना हक अधिकार अक्षरस लेखियोस्, चाहना हुनु सबै नागरिकको नैसर्गिक अधिकार हो । गणतन्त्र पश्चात जारी हुने संविधानमा सीमांकन, राज्यबाट उत्पीडनमा परेका जनजाति, थारू, दलित, मुस्लिम, अल्पसंख्यकलगायत सम्पूर्णको समावेशी अधिकारको सुनिश्चितता, संविधानमा अपनत्वबोध, जनसंख्याका आधारमा राज्य प्रतिनिधि, पहिचानका आधारमा नामांकन, सबैलाई गास, बास, कपासको अनिवार्य बन्दोबस्त, कमैया, सुकुम्बासी, गरिबीमा पिल्सिएकालाई बसोबाससहितको रोजगार, 'हाम्रो गाउँ हाम्रा प्रतिनिधि, हाम्रो अधिकार'लगायतका विभिन्न माग राखेर देशमा अन्यले पनि आफ्ना माग मुद्दासहित गरिरहेको आन्दोलनको भीडमा हाम्रो एक अंश पनि लामबद्ध थियो । राज्यले आफ्ना दल, नातेदार निकटका समूह, स्वार्थ मिलेका झुण्डको माग त पूरा गऱ्यो तर हजारौं वर्षदेखि उत्पीडनमा पर्दै आएका थारू, मधेसी, दलित, जनजातिका मागका पोकाहरूलाई रद्दीको टोकरीमा फाल्ने काममात्रै गरेन, अधिकारका लागि सडकमा उत्रिएको भीडमाथि दमन, ज्यादति गऱ्यो । कर्फ्यु लागेको बखत राज्यको चारै सुरक्षा अंग परिचालित अवस्थामा समेत ८२ जना थारूहरूको घरमा छानीछानी आगो लगाइयो । मेरो श्रीमान माननीय रेशम चौधरीले सञ्चालन गरेको फूलबारी एफएम, फूलबारी रिसोर्ट, घर, गाडीसहित हाम्रो सम्पूर्ण जायजेथामा आगोमात्रै लगाइएन, हप्तौंसम्म लुटपाटसमेत गरिरह्यो । राज्यले कस्तो किसिमको प्रतिशोध साध्दै थियो या कस्तो प्रपञ्चको जाल बुन्दै थियो त् यो राज्य सञ्चालकलाई थाहा होला तर चारै निकाय सुरक्षाकर्मी सञ्चालित अवस्थामा थारूहरूमाथि जुन ज्यादति र दम भयो त्यो अत्यन्तै भयावह, डरलाग्दो र एकादेशको खुंखार डाँकुको कथाजस्तै लाग्छ । ७०-८० दसकका बाजे बज्यैले भन्छन्- हम्रे मार खैली (हामीले पिटाइ खायौं), बा-आमाले भन्छन्- हम्रे फे पिट्वा पैली (हामीले पनि पिटाइ खायौं) । दिदी बहिनीले भन्छन्- हाम्रो अस्मिता लुटियो । स-साना नानीहरूले भन्छन्- हामी महिनौं स्कुल जान सकेनौं । म भन्छु- मेरो लोग्ने विनाकारण चार वर्षदेखि जेलमा छ । मेरो श्रीमानलाई झुठा मुद्दा लगाउने सरकार आफैं भन्छ- तिम्रो श्रीमान घटना हुँदा बर्दियामा हुनुहुन्थ्यो । आन्दोलनमा उपस्थित जनताले भन्छन्- रेशम चौधरी घटनास्थलमा थिएनन् । स्थानीय सुरक्षा निकाय, जिल्ला प्रशासन प्रमुख, बुद्धिजीवी, जागरिक समाज स्वयं आश्चर्यचकित थिए घटनास्थलमा अनुपस्थित रेशम चौधरीलाई मुद्दा लगाउँदा । मा. रेशम चौधरी टीकापुर घटनाको योजनाकार भए २९औं दिनमा मात्रै किन उहाँमाथि मुद्दा लगाइयो ? कसको र कुन शक्तिको दबाबमा उहाँलाई मुख्य योजनाकार बनाइयो ? मा. रेशम चौधरीमाथि मुद्दा चलाउनुपूर्व कस्ता कस्ता प्रपञ्च रचिए ? हामी सबै जानकार छौं । भोलि इतिहासले एक एक क्षणको अवस्था उजागर गर्ने नै छ ।

टीकापुरका स्थानीय सबै जनता रेशम चौधरीको चाल चरित्र, आनी बानी, स्वभावका बारेमा जानकार छन् । कमैया, बाढीपीडितलाई राहत बाँड्ने, बिग्रे भत्केका बाटा, पुलपुलेसाको मर्मत गर्ने, गरिब बालबालिकाको शैक्षिक बन्दोबस्तीमा अहोरात्र खटिने, सामाजिक सेवामा जीवन नै अर्पण गर्ज रूचाउने, राज्यबाटै राष्ट्रिय प्रतिभा पुरस्कार, गोरखा दक्षिणबाहु लगायत विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय पुरस्ककार प्राप्त गर्ने, बहुमुखी प्रतिभावान, कलाकार, खेलकुद, पत्रकारितामा जीवन व्यतित गरिरहेको मेरो श्रीमानलाई टीकापुर घटनाको दोषी किन बनाउन खोजिदैछ ? त्यो राज्यलाई थाहा होला । रेशम चौधरी के हो भन्ने यथार्थ संसदीय निर्वाचन २०७४ मा अपार मत दिएर टीकापुरका जनताले निर्दोष सावित गरिदिएका छन् ।

दाजुभाइ तथा दिदीबहिनीहरू,

प्रमुख दलका नेता, बुद्धिजीवी, नागरिक समाजका अगुवा, पत्रकार सबैलाई सर्वविदितै छ, सविधानमै लिखित छ- लोकतन्त्रमा जनता जनार्दन हुन् । जनता राज्यका मालिक हुन् । सर्वेसर्वा हुन् । जनअधिकार समर्पण विना लोकतन्त्र फल्न फूल्न सक्दैन । तेर के ? टीकापुरको जनमत संविधानको वृत्तभन्दा बाहिर पर्छ ? नेपालको लोकतान्त्रिक परिपाटीभित्र टीकापुरका जनता पर्दैनन् ? आज किन टीकापुरको जनमत अपमानित हुँदैछ ? टीकपुर नेपालकै सीमांकनभित्रै पर्ने, टीकपुरका जनता नेपालकै संविधान मान्ने, अनि राज्यले टीकापुरलाई संवैधानिक कानुनी विभेद गर्न पाइन्छ ? किन गरिरहेको छ राज्यले टीकापुरलाई विभेद् ? टीकाुरका जनताबाट निर्वाचित रेशम चौधरीले दुई दुई वर्षसम्म सपथ र माननीयको प्रमाणपत्र किन पाउनुभएन ? दुई वर्षपछि राज्यले सिंहदरबारमा सपथ खुवाएर सांसदको लोगो लगाई डिल्ल बजार कारागार किन पठायो ? मा. रेशम चौधरी निर्वाचित भइसक्दा समेत मुद्दाको छिनोफानो भएको थिएन, राज्यले किन टीकापुर थारू विद्रोहलाई राजनीतिक मुद्दा करार गरेन ? झुठा मुद्दा फिर्ता लिन किन हिकिदैछ राज्य ?

अब साँच्चिकै न्यायको लागि लड्नेबेला भइसकेको छ । हामी पनि चाहन्छौं- टीकापुरमा साहदात प्राप्त गर्ने सहिदहरूले न्याय पाउनुपर्छ । राज्य आफैं भन्छ- सयौं दोषी छुटुन् तर एउटै निर्दोष नपरोस् । आज दर्जनौं निदोष नागरिकमाथि झुठा मुद्दा लगाएर राज्य आफैंले आफ्नो तथ्यगत कानुनी भनाइको उपहास गर्दैछ । यो देशका नागरिक, राजनीतिक दलका नेता, बुद्धिजीवी, मानव अधिकारकर्मी सबैले सोच्नुपर्छ- लोकतन्त्रको रक्षा गर्नु हाम्रो दायित्व हो । मञ्चमा भाषण गरेर, एकदिन दिवस मनाएर लोकतन्त्र र संविधानको रक्षा हुँदैन । न्याय, अन्याय र विभेदमा परेका जनतालाई जबसम्म उत्पीडित बनाइन्छ, तबसम्म लोकतन्त्र र संविधानको शब्द उच्चारणसमेत कदापी सुहावन हुन सक्दैन ।

दाजुभाइ तथा दिदीबहिनीहरू,

राज्यले असोज ३ गते संविधान दिवस मनाउन हामी सबै नागरिकलाई उर्दी जारी गर्छ । संविधान दिवसको उपलक्ष्यमा घरघरमा बत्ति बालेर दिपावली गर भन्छ । प्रत्येक वर्ष हामी घर, सडकलगगायत सार्वजनिक स्थानका बत्ति निभाउँदै संविधानप्रति असहमतिको संकेत दिन्छौं । आखिर संविधान दिवसको दिन राज्यका आधा जनता खुसीयाली मनाउँदै झिलीमिली बत्तिका साथ दिपावली गर्छन् । हामी आधा जनता बत्ति निभाएर मौन बस्छौं । राज्यले हाम्रो मौनता बुझेको छ कि छैन ?

दाजुभाइ तथा दिदीबहिनीहरू,

संविधान दिवसको दिनमा आधा बस्ती उज्यालो, आधा बस्ती अँध्यारोको कारण सरकारलाई थाहा छ, तैपनि राज्यको खबरदारीमा ऊ मौन बस्छ । के राज्यलाई हाम्रो असन्तुष्टि थाहा छैन ? आखिर राज्यले हाम्रो माग कहाँनेर सुनुवाइ गऱ्यो र हामी खुसी हुने ? सीमांकनमा किन चित्त बुझाउँदैन राज्यले हाम्रो ? एक अमुक व्यक्तिको स्वार्थमा हाम्रो नवलपरासी नवलपुर बन्यो । अर्को अमुक व्यक्तिको स्वार्थमा झापा, मोरङ, सुनसरी अर्कै प्रदेशमा गाभियो । हामी भूमिपुत्र थारू हौं, हामी सीमांकनको बहानामा देश विभाजनको परिकल्पनासमेत गर्न सक्दैनौं । हिजो सीमानामा सुरक्षाकर्मी थिएनन्, हाम्रा बुबा बाजेले सीमाको सुरक्षा गरे । विदेशी बनपालेलाई लेखेटे । राज्यका ठूला टाउने भनाउँदाहरूलाई थाहा छ कि छैन, छैन भने ज्ञात होस्, सालको ठुटोलाई देश सीमानाको पिल्लर मानेर हाम्रा पुर्खाले राज्य नक्सांकनलाई यथार्थ बनाइदिएका हुन् ।

दाजुभाइ तथा दिदीबहिनीहरू,

२०७२ को ऐतिहासिक थारू आन्दोलनमा हामीले निकै महत्वपूर्ण विषयलाई उठान गरेका थियौं । एक अमुक व्यक्तिको स्वार्थमा सीमांकनको रेखांकन नहोस् भन्ने हामी चाहन्थ्यौं । भूमिपुत्रहरूको संस्कृति र इतिहास मूल्यांकनको आधारमा भौगोलिक बर्गीकरण होस् भन्ने जनताको चाहना थियो । आफैंले घटना घटाएर आन्दोलनको मार्गलाई गलत दिशातर्फ मोड्नेहरू भोलि सजायको भागिदार आवश्य बन्लान्, तर के जनचाहना बमोजिम प्रदेशको बर्गीकरण भयो ? पहिचानअनुरूप प्रादेशिक नामाकरण भए ? संविधानमा हाम्रा अधिकार कुन धार उपाधारामा लेखिए ? आज पनि हामी नागरिकताविहीन किन छौं ? नागरिकले नागरिकताका लागि संघर्ष गर्ने दिन आइपुगेकै हो त ? यी यावत प्रश्न छरपस्ट र अनुत्तरित्त छन् ।

दाजुभाइ तथा दिदीबहिनीहरू,

आज हामी एकदमै कठिन निर्णायक मोडमा आइपुगेका छौं । हाम्रो मागप्रति देशका मुख्य राजनीतिक दलहरू सकारात्मक छैनन् भन्ने हाम्रा नेता कार्यकर्तामाथि लगाइएको झुठा मुद्दा फिर्ता नहुनुले पनि पुष्टि हुन्छ । हामीलाई जहिल्यै सत्ताको भऱ्याङमात्रै बनाइयो । पहिचान र प्रतिष्ठित नागरिकको सपना देखाएर विभिन्न प्रकृतिको आन्दोलनमा होमाइयो । हुँदा हुँदा हिजो मधेस आन्दोलनको मञ्चमा भाषण गर्ने नेताहरूसमेत हामीलाई भुल्न थालिसके । आज हामीलाई अलपत्र पार्न खोजिँदैछ । खबरदार नेताहरू, हामी अलपत्र जरूर छौं, तर हराएका छैनौं । हिजो आन्दोलनमा साँच्चिकै तपाइँका जिब्रोले हाम्रो मुक्तिको भाषण गरेका थिए भने आउनुस्, सँगै सिंहदरवार घेर्ने हाम्रो योजनामा हातेमालो गरौं । टीकापुर थारू विद्रोहका राजबन्दीहरूलाई विनासर्त रिहाइ गरौं ।

दाजुभाइ तथा दिदीबहिनीहरू,

अधिकारको आन्दोलनमा प्रकृति र प्रत्यय हुँदैन । भीड कसैको बसमा हुँदैन । भीडन्तमा कसले डण्डा चलाउँछ, कसले गोली बर्साउँछ त्यो वारदात स्थलमा भएको व्यक्ति विवेकको कुरा हो । सबै कुरालाई प्रतिशोध लिने भए टीकापुर त के देश पनि कहिल्यै शान्त हुँदैन । घाउका खाटा त हाम्रो मनमा पनि छन्, जनयुद्धमा नेपाली नेपाली लडेर एक आपसमा मारामार गरेको खाटा, राणा ढाल्न मुक्ति कांग्रेसका सेनाले गरेको युद्धको खाटा, पञ्चायत ढाल्न जनताले गरेको आन्दोलनमा विभत्स नरसंहारको खाटा । मधेस आन्दोलनमा गोलीको घर्राले ढुकुरझैं ढलेका वीर सहिद पीडाको खाटा, टीकापुर थारू विद्रोहमा हाम्रो घर सम्पत्ति जलाउनेहरूप्रति प्रतिशाधको आलै घाउको खाटा । साँच्चै हामीसँग पनि छन् । तर हामी ती सब घाउका पाप्रा उप्काएर विद्रोह निम्त्याउने पक्षमा छैनौं । हामी त केवल राज्यसँग न्याय माग्दैछौं । दयाको भीख, याचना दोषीहरूले गर्ने कुरा हो, हामी इज्जत र प्रतिष्ठाका साथ न्याय माग्दैछौं । विना कारण घाँस काटिरहेका, तरकारी बेचिरहेका, खेतमा काम गरिरहेका, कपाल काटिरहेका, घटनास्थलमै अनुपस्थितलाई बलिको बोको बनाएर राज्यले कुन सुशासनको वाणी ओकल्दैछ, कुन्नी ?

दाजुभाइ तथा दिदीबहिनीहरू,

म माननीय रेशम चौधरी पत्नी हुँ । करिब सात वर्ष पछाडि मञ्चमा मैले मुठ्ठी उचालेर भाषण गर्नु पर्दैछ । यसको जवाफदेही को ? म डिल्लीबजार सदरखोरमा मा आफ्नो श्रीमानलाई भेट्न जान्छु । कहिले रून्छु, कहिले रूवाउँछु । घरबेटीलाई भाडा, बच्चाको स्कुल फी, चाडपर्वमा कपडाको जोहो गर्दा उहाँको मुहारले मलाई असाध्यै दुखी तुल्याउँछ । घर सम्पत्ति डढेर खरानी भएको भन्दा आफूलाई मत दिने जनताको सेवा गर्न नपाएकोमा बढी चिन्तित देखिनुहुन्छ उहाँ । छोराले सोध्छ- बाबा कहिले घर जाने ? उहाँको जवाफ सधैं उस्तै उस्तै प्रकारको हुन्छ । कहिले दशैंमा, कहिले तिहारमा, कहिले माघमा, कहिले नयाँ वर्षमा, कहिले महिना दिनमा, कहिले तिम्रो जन्मदिन घरमै मनाउने आदि आदि झुठ बोलेर उहाँ टार्नुहुन्छ । म भन्छु- बाबा, कम्तिमा बच्चालाई त सही बोलिदेउ, यति दिनमा या यति वर्षमा छुट्छु भनेर । उहाँ जवाफ दिनुहुन्छ- मलाई पनि नेताहरूले यसै भन्छन् रन्जु ।

दाजुभाइ तथा दिदीबहिनीहरू,

म यसै मञ्चबाट सोध्न चाहन्छु, मेरो श्रीमान मा. रेशम चौधरी घर फर्किने दिन कहिले हो ? ३४,३४१ मत दिने टीकापुरका जनताको सेवा गर्ने दिन कहिले हो ? आफ्ना जनतासँग मञ्चबाट

क्रमशः...

## माओवादीको किल्लामा जनमत पार्टीको लहर



कैलाली । कैलाली जिल्लाको विभिन्न मुक्त कमैया शिविरहरूमा माओवादीको पकड रहँदै आएपनि जनमत पार्टीको लहर उक्त क्षेत्रमा बढेको छ । कैलाली जिल्लाको टीकापुर नगरपालिका, जोशीपुर गाउँपालिका, जानकी गाउँपालिका र भजनी गाउँपालिकालगायतमा रहेका मुक्त कमैया शिविरहरूमा जनमत पार्टीको संगठन तीव्र रूपमा विस्तार भइरहेको छ ।

माओवादी द्वन्द्वकालमा उक्त शिविरहरूबाट माओवादीले राम्रो सहयोग पाएको थियो तर मुक्त कमैया शिबिरहरूका लागि माओवादीले हालसम्म कुनै काम गर्न नसकेको भन्दै मुक्त कमैयाहरू जनमत पार्टीतिर आर्कषित भएको टीकापुरको शक्ति शिविरका महेश डंगौराले बताए ।

जनमत पार्टीले संगठन विस्तारका लागि कभरेज अभियान चलाएपछि ती स्थानीय निकायका मुक्त कमैया शिबिरहरूमा जनमत पार्टीको बन्द प्रशिक्षण जारी रहेको छ । जनमत पार्टीले उठाएका मागहरू मुक्त कमैयाका लागि महत्वपूर्ण रहेको जोशीपुर बञ्जरिया शिबिरका धनेश चौधरीले बताए ।

विभिन्न चरणको प्रशिक्षणपछि जनमत पार्टीको जोशीपुर गाउँपालिका र टीकापुर नगरपालिकामा पार्टीको प्रथम एतिहाँसिक अधिवशेनहरू सम्पन्न भएको जनमत पार्टीका नेता एवं प्रेस जनमत संघका केन्द्रीय अध्यक्ष बीपी साहले बताए । उक्त शिबिरहरूमा साहको नेतृत्वमा प्रशिक्षण जारी रहेको छ ।

जोशीपुरको बञ्जरिया, रामनगर र टीकापुरको शक्तिनगर, शिबनगरलगायतको क्षेत्रबाट सयौंको संख्यामा मुक्त कमैयाहरू जनमत पार्टीमा प्रवेश गरेका छन्। बुधबार मात्रै टीकापुरको शिबिरहरूबाट ४९ जना माओवादीका नेता तथा कार्यकर्ताहरू जनमत पार्टीमा प्रवेश गरेका हुन् ।

टीकापुरको नगरअधिवेशनका क्रममा जनमत पार्टीका नेता बीपी साहले भने,'माओवादी द्वन्द्वमा १३ सय थारू मारिए। कयौं थारूहरू बेपता भए । तर, माओवादीको नेतृत्व पंतिमा खोइ थारू ?'

'जनमत पार्टीका अध्यक्ष डा.सीके राउत कमैया कमलरी, भूमिहिनहरूको अवस्था सुधारकै लागि राजनीतिमा आउनु भएको हो।' साहले भने,'अब मुक्त कमैया कमलरीहरूले डाक्टर साहाबलाई साथ दिनु पर्छ र मुक्तीको बाटोमा अगाडि बढ्नु पर्छ ।'

अहिले पनि कतिपय मुक्त कमैया शिबिरको जग्गाको लालपुर्जा मुक्त कमैयाहरूलाई नदिइएकोमा आक्रोस पोख्दै साहले भने,'यहाँको जल, जंगल र जमिनमाथि थारूहरूको अधिकार छ । राज्यले जालसाजी गर्यो भने यस मुद्दालाई अन्तर्राष्ट्रिय मूल्यमान्यता अनुसार सुल्झाइनेछ । मुक्त कमैयाहरूको आन्दोलनमा जनमत पार्टीको पूर्ण समर्थन रहनेछ ।'

उक्त कार्यक्रममा जनमत पार्टी जोशीपुर गाउँपालिकाका अध्यक्ष गणेश डंगौराले माओवादीलाई आफूहरूले पेट काटेर खुवाएको तर उनीहरूले गुण विर्सेको बताए । अबको निर्वाचनमा जनमत पार्टीबाट नेतृत्व गर्न मुक्त कमैया कमलरीहरूलाई डंगौराले आग्रह गरे। आफ्नो पार्टीले मुक्त कमैया कमलरीहरूलाई चुनावी प्रतिस्पर्धामा ल्याउने तयारी गरेको उनले सुनाए ।

## प्रदेश २ मा ३० प्रतिशतलाई पूर्ण खोप

जनकपुरधाम । प्रदेश २ मा ३० दशमलव ४३ प्रतिशत नागरिकलाई कोरोनाविरूद्धको पूर्ण खोप दिइएको छ ।

सप्तरीमा ३० दशमलव ३१, सिरहामा २९ दशमलव ५७, धनुषामा ३२, महोत्तरीमा २७ दशमलव ७४ प्रतिशत, सर्लाहीमा ३४ दशमलव ५४, रौतहटमा २९ दशमलव ४१, बारामा ३० दशमलव ६४ र पर्सामा २७ दशमलव ७५ प्रतिशतले कोभिड-१९ विरूद्धको पूर्ण खोप लगाएको प्रदेश २ का स्वास्थ्य निर्देशक विजय झाले जानकारी दिए ।

कोरोना भाइरसको सङ्क्रमण कायमै रहे पनि ग्रामीण भेगमा अझै कोरोनाविरूद्धको खोप लगाउन डराइरहेकाले लक्ष्यअनुसार खोप लगाउन नसकिएको उनको भनाइ छ । कोरोना भाइरसको नयाँ भेरियन्टको खतरा बढेपछि नेपाल-भारत प्रवेश नाकामा 'हेल्थ डेस्क' सञ्चालन गरिएको छ । सीताराम विवाहपञ्चमी महोत्सवका अवसरमा भारतबाट आउने साधुसन्त र सर्वसाधारण श्रद्धालु भक्तजनलाई लक्षित गरी 'हेल्थ डेस्क' सञ्चालन गरिएको हो ।

नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

यसबाट बच्ने उपायहरू :

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

लालकिशोर साह
नगरप्रमुख
जनकपुरधाम उपमहानगरपालिका, धनुषा, प्रदेश २

नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

यसबाट बच्ने उपायहरू :

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

हरिप्रसाद मण्डल
नगरप्रमुख
मटिहानी नगरपालिका, महोत्तरी, प्रदेश २

## विश्व परिवेश

# चीनको ऋण तिर्न पाकिस्तानलाई कठिन

काठमाडौं । चिनियाँ ऋणले पाकिस्तानको दबिएको वित्तीय स्थितिलाई थिचिरहेकाले यस आर्थिक वर्षको अन्त्यमा उसको बाह्य भुक्तानी १४ अर्ब डलर पुग्न लागेको छ । झण्डै आधा चिनियाँ वाणिज्य बैंकहरूको ऋण छ । मुख्य रूपमा बेल्ट एण्ड रोड इनिसिएटिभ (बीआरआई) परियोजनाका लागि लिइएका ऋण छन् ।

पर्यवेक्षकहरू स्टेट बैंक अफ पाकिस्तान (एसबीपी) माथि पर्ने दबाव कम गर्न इस्लामाबादले चिनियाँ वित्तीय अधिकारीहरूलाई ऋण पुनःनिर्धारणका लागि आग्रह गर्न आवश्यक रहेको बताउँछन् । स्टेट बैंक अफ पाकिस्तानको विदेशी सञ्चिति अक्टोबरमा १७ अर्ब डलरमा झरेको छ । ऋण तिर्न नसक्ने अवस्था (डिफल्ट)बाट जोगिन ऋण पुनःनिर्धारण गर्नुपर्ने उनीहरूको भनाइ छ ।

चेतावनीका संकेतहरू महिनौंदेखि स्पष्ट छन् । अप्रिलमा अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ)ले नीतिगत विचलन र अप्रत्यासित रूपमा बढ्दो दायित्वहरूले पाकिस्तानको सार्वजनिक ऋणको दिगोपनलाई कमजोर बनाउने चेतावनी दिएको थियो ।

मे मा फिच रेटिंग्सले पाकिस्तानको लागि उसको 'बी माइनस' रेटिङले कमजोर सार्वजनिक वित्त, बाह्य वित्तीय जोखिम र न्यून शासन सूचक स्कोर (अंक)हरू प्रतिबिम्बित गरेको बताएको थियो । दक्षिण एसियाली देशको ऋणको विश्लेषण गरिएको विश्व बैंकको ऋण प्रतिवेद, २०२१, ले पाकिस्तान भारत र बंगलादेशको पछाडि रहेको देखाएको छ । यो प्रतिवेदनले पाकिस्तानलाई ऋणको चपेटामा परेको श्रीलंकासँग तुलना गर्न सकिने बताएको छ ।

ऋण-कुल गार्हस्थ उत्पाद अनुपात (डेब्ट-टु-जीडीपी रेसियो) ८० प्रतिशतभन्दा बढी भएका देशहरूमा पाकिस्तान ब्याज-आम्दानी अनुपात (इन्ट्रेस्ट-टु-रेभिन्यु रेसियो)को सन्दर्भमा श्रीलंका पछि दोस्रो उच्च भएको प्रतिवेदनले थपेको छ । तथापि, प्रान्तको हिस्सा बाहेक पाकिस्तानको शुद्ध/खुद राजस्वको हिसाब गर्ने हो भने यो श्रीलंका भन्दा पनि माथि छ ।

श्रीलंका र पाकिस्तानको ऋणको प्रतिरूपको समानताले खतराको घण्टी बजिरहेको छ । कतिपयले पाकिस्तानको ग्वादर बन्दरगाह सम्झौता र सन् २०१७ को श्रीलंका बन्दरगाह सम्झौतालाई चिनियाँ ऋण तिर्न राज्यद्वारा सञ्चालित चिनियाँ कम्पनीलाई ९९ वर्षको लागि भाडामा दिने गरी भएको सम्झौतासँग तुलना गरेका छन् । श्रीलंकाले चिनियाँ ऋण तिर्न हम्बनटोटा बन्दरगाह चिनियाँ सरकारी कम्पनीलाई ९९ वर्षको लागि भाडामा दिने सम्झौता गरेको थियो ।

इस्लामाबादस्थित पाकिस्तानी राजनीतिशास्त्री, अर्थशास्त्री एवं वित्तीय विश्लेषक फारूख सलीमले पाकिस्तान अन्तर्राष्ट्रिय ऋण चुक्ता गर्न कहिल्यै पनि 'डिफल्ट' (ऋण तिर्न नसक्ने अवस्था) मा नपुगेको बताए ।

"डिफल्ट वर्ग जहिले पनि ऋण दिने एजेन्सी (ऋणदाता)द्वारा बाध्य हुन्छ", उनले भने । "तपाईंलाई ऋण दिने संस्थासँग तपाईंलाई 'डिफल्टर' (कर्तव्यच्यूत) घोषणा गर्ने अधिकार हुन्छ । सामान्यतया, तिनीहरूले सार्वभौम राज्यलाई डिफल्टर घोषणा गर्दैनन् किनभने त्यसो गर्दा तिनीहरूले पैसा गुमाउने खतरा हुन्छ ।

"टाट पल्टन दिनुको सट्टा तिनीहरूले सधैं विस्तारित समयमा ऋण तिर्नुपर्ने समय पुनःनिर्धारण गर्ने वा ऋणको पुनर्संरचना गर्न यसका सर्तका बारेमा पुनः वार्ता गर्न रूचाउँछन् ।"

दुई अर्ब ६० करोड डलर बहुपक्षीय ऋण, चिनियाँ सरकार र वाणिज्य बैंकहरूको नौ अर्ब १० करोड डरल ऋण, एक अर्ब डलरको यूरोबोन्ड/सुकुकको रिडेम्पसन (फिर्ता गर्नुपर्ने रकम) र आईएमएफको एक अर्ब डलर ऋण चुक्ता गर्न सरकारी सञ्चितिलाई पहिलेदेखि नै दबाब छ । जुन अर्को वर्षको जुनको अन्त्यसम्म घटिरहन्छ ।

पाकिस्तानले पेरिस क्लबसँग ११ अर्ब ३० करोड डलर, बहुपक्षीय दाताहरूको ३३ अर्ब १० करोड डलर र युरोबोन्ड र सुकुकजस्ता अन्तर्राष्ट्रिय ऋणपत्रहरूको १२ अर्ब डलर ऋण पनि लिएको छ ।

यसका अतिरिक्त पाकिस्तानले संयुक्त अरब इमिरेट्स र चीनबाट तीन/तीन अर्ब डलर सुरक्षित निक्षेप पनि लिएको छ । साउदी अरेबियाको अधिराज्यबाट तीन अर्ब डलर निक्षेपको अर्को किस्ता आउँदैछ ।

पाकिस्तानको अर्थ मन्त्रालयले शुक्रबार सिनेटलाई दिएको जानकारी अनुसार विगत तीन वर्षमा पाकिस्तानको ऋण ९१ अर्ब डलरले बढेको छ । अर्थ तथा योजना मन्त्रालयद्वारा सार्वजनिक तथ्याङ्क अनुसार सन् २०१८ को जुनमा देशको कुल ऋण १४२ अर्ब डलर थियो, जुन २०२१ को अगस्टसम्म २३३ अर्ब डलर पुगेको छ ।

पाकिस्तानको सिनेटलाई शुक्रबार दिइएको जानकारी अनुसार यस अवधिमा आन्तरिक ऋण ९१ अर्ब डलरबाट बढेर १४८ अर्ब डलर पुगेको छ । त्यस्तै, वैदेशिक ऋण सोही अवधिमा ४८ अर्ब ३० करोड डलर बाट ८३ अर्ब डलर पुगेको छ । यी ऋणमा सरकारले ४२ अर्ब ४० करोड डलर ब्याज तिरेको मन्त्रालयले जनाएको छ ।

"विदेशी ऋण कुनै पनि देशको ग्रोथ एक्टर्नल फाइनान्सियल रिक्वायरमेन्ट (जीइएफआर) को एक घटक हो । हाल, पाकिस्तानको जीइएफआर १४ अर्ब डलरको बाह्य ऋण भुक्तानी र १३ अर्ब डलरको अनुमानित चालु खाता घाटासहित करिब २९ अर्ब डलर छ । हामी पहिले कहिल्यै नभएको डरलाग्दो अवस्थामा छौं । हामी दीर्घकालीन मुद्रास्फीतिमा छौं, जीईएफआरले २९ अर्ब डलर छोएको छ, आईएमएफको मुद्दा अलमलमा छ, एफएटीएफ हाम्रो टाउकोमा झुन्डिएको छ र अमेरिका र युरोपियन युनियनसँग सम्बन्ध विच्छेद गर्दैछौं", फारूखले भने ।

यस अवस्थाबाट आतंकित हुँदै, इस्लामाबादले सिंकिङ रिजर्भ स्टक र भुक्तानी सन्तुलनको बिग्रँदै गएको स्थिति निर्माण गर्न बैंकिङ च्यानलहरू खोज्यो । सरकारले चालु आर्थिक वर्षमा युरो र सुकुक ऋणपत्रमा पाँच अर्ब डलर संकलन गरेको छ ।

यद्यपि, यी उपायहरूले न त देशको चालु खाताको पोर्टफोलियामा दबाब कम गर्न सक्यो न त अमेरिकी डलरको तुलनामा पाकिस्तानी रूपैयाँ अहिलेसम्मकै न्यून स्तरमा झरेको मुद्राको अवमूल्यनलाई रोक्न सक्यो ।

यो वर्षको जुनमा दुई अर्ब ५० करोड डलरको अन्तर देखाएको पाकिस्तानको चालु खाताले जुलाईदेखि सेप्टेम्बरको त्रैमासिकमा तीन अर्ब ४० करोड डलरको घाटा बेहोरेको छ ।

यसैबीच, स्टेट बैंक अफ पाकिस्तान (एसबीपी) ले विदेशी मुद्रा सञ्चितिमा सहयोग र नगद अभावको समस्या समाधान गर्न गैरआवासीय पाकिस्तानीहरूबाट विदेशी मुद्रा खरिद गर्न सघाउ पुर्याउने नयाँ बैंकिङ सुविधाहरू-रोशन डिजिटल एकाउन्ट-सुरू गरी अर्थतन्त्रलाई बढवा दिन अघि बढेको छ । नयाँ सुविधाले विदेशमा रहेका पाकिस्तानीहरूलाई वाणिज्य दूतावास वा बैंक शाखामा भौतिक रूपमा उपस्थित नभइकन पनि पाकिस्तानभित्र बैंकिङ सेवाहरूमा पहुँचको अनुमति दिन्छ ।

एसबीपीले विदेशी मुद्राको सर्तमा लगभग सात प्रतिशत र रूपैयाँको सर्तमा ११ प्रतिशतको लागतमा रोशन डिजिटल एकाउन्ट (आरडीए)को माध्यमबाट दुई अर्ब ७० करोड डलर भन्दा बढी धन राशि प्राप्त गर्न सफल भएको छ ।

"विदेशी मुद्रा निक्षेपमा सात प्रतिशत लाभ एकदमै धेरै हो । यदि तपाईंले १० प्रतिशत अवमूल्यन जोड्नुभयो भने या १७ प्रतिशत सम्म पुग्छ, जुन राष्ट्रिय अर्थतन्त्रको लागि सम्भव छैन", फारूखले भने ।

पाकिस्तानको ऋण चुक्ताको समस्या चीन-पाकिस्तान आर्थिक करिडोर (सीपेक) मा पनि प्रतिबिम्बित भएको छ । चिनियाँ कम्पनीहरूले इस्लामाबादसँग आफ्नो वित्तीय मामिलाहरू समाधान गर्न सामना गर्नुपरेको कठिनाइलाई ध्यानमा राख्दै बेइजिङले थप लगानी सुस्त गरेको छ ।

चिनियाँ राज्य बीमा कम्पनी सिनोसुरले बक्यौता भुक्तानी नगरेको कारण १३ अर्ब डलर मूल्यको सीपेक उर्जा तथा पूर्वाधार परियोजनाहरू अवरूद्ध गरिसकेको छ ।

सीपेक परियोजनाहरूको आर्थिक उत्तरदायित्व वहन गर्न सिनोसुरले देखाएको आलस्यले पाकिस्तानको समुद्री बन्दरगाहलाई देशको उत्तरपश्चिमी भागहरूसँग जोड्ने धेरै हल्लाखल्ला गरिएको एक हजार सात सय ३३ किलोमिटर लामो रेलवे ट्र्याक र लगभग आधा दर्जन उर्जा सम्बन्धित परियोजनाहरूमा ढिलाइ भएको छ । ती परियोजनाहरूले जुनको अन्त्यबाट उत्पादन सुरू भइसकेको हुनुपर्थ्यो । सीपेकको लागि प्रधानमन्त्रीका विशेष सहायक खालिद मन्सूरले सिनोसुरको मुद्दाको बारेमा इस्लामाबादस्थित चिनियाँ राजदूतलाई जानकारी गराइएको मंगलबार पत्रकारहरूलाई भने । सरकारले सिनोसुरलाई हस्तक्षेप गर्न चिनियाँ अधिकारीसँग सम्पर्क गरेको पनि बताए ।

# रूस र भारतबीच ५१ सय करोड बराबारको रक्षा सम्झौतामा हस्ताक्षर

नयाँदिल्ली । रूसको सहयोगमा भारतमा सैन्य प्रयोजनका लागि अत्याधुनिक हतियार एके-२०३ राइफल उत्पादन हुने भएको छ । रूसी राष्ट्रपति भ्लादिमिर पुटिनको भारत भ्रमणका क्रममा भारत र रूसबीच महत्त्वपूर्ण रक्षा सम्झौता भएको हो ।

इन्डो-रसिया राइफल्स प्राइभेट लिमिटेडको मातहतमा उत्तर प्रदेशको अमेठीमा हतियार उद्योगको स्थापना गरिनेछ । ५ हजार १ सय करोड भारतीय रूपैयाँको उक्त सुरक्षा सम्झौताअन्तर्गत ६ लाख राइफल उत्पादन गरिने छ । नयाँ राइफल अहिले भारतीय सेनाले प्रयोग गर्ने इन्सास राइफलको तुलनामा धेरै हलुंगो र सानो हुने हुने बताइएको छ । मिडिया रिपोर्टकाअनुसार व्यापार र लगानीसमेत विभिन्न २८ वटा सम्झौतामा हस्ताक्षर भएका छन् ।

रूसी राष्ट्रपति पुटिन र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीचको वार्तापछि अबेर राति ९९ बुँदाको संयुक्त वक्तव्य जारी गरिएको थियो । जसमा अन्तरिक्ष, विज्ञान, औद्योगिक, आतंकलगायतका मुद्दा समावेश छन् । ६ घण्टाका लागि मात्रै भारत आएका पुटिन र भारतीय प्रधानमन्त्री मोदीबीच हैदराबाद हाउसमा वार्ता भएको थियो ।



बैठकपछि आयोजित पत्रकार सम्मेलनमा भारतीय विदेश मन्त्रालयका सचिव हर्षवर्धन श्रृंगलाले दुई नेताबीचको कुराकानी धेरै दृष्टिकोणबाट उपयोगी भएको बताए । उनले अफगानिस्तानको सन्दर्भमा पनि एकसाथ काम गर्ने विषयमा दुई नेताबीच चर्चा भएको उनले उल्लेख गरे ।

हतियारको बलमा तालिबानले अफगानिस्तानमा शासन सत्ता कब्जामा लिएपछि भारत अफगानिस्तानलाई लिएर सशंकित छ । त्यहाँबाट आतंकवादी गतिविधि बढ्न सक्ने चिन्ता भारतको छ । अर्कोतिर, रूसले भने तालिबानलाई उचित शासकको संज्ञा दिएको छ । तालिबानलाई हेर्ने दृष्टिकोणमा दुई देशबीच मतभिन्नता कायम छ । तर, आतंकवाद नियन्त्रणका सवालमा भने रूस र भारत एक ठाउँमा रहने मिडिया रिपोर्टहरूमा उल्लेख छ ।

## छोटो दूरी क्षेप्यास्त्र सफल परीक्षण

भारतको रक्षा अनुसन्धान तथा विकास संगठन (डीआरडीओ) ले छोटो दूरी क्षेप्यास्त्रको सफल परीक्षण गरेको छ । यस वर्षको फेब्रुअरी महिनामा पहिलो परीक्षण गरिएको थियो । हालको सफल परीक्षणले यस क्षेप्यास्त्र प्रणालीको लगातारको राम्रो प्रदर्शन प्रमाणित गरेको छ । परीक्षणले यस प्रणालीमा जडान गरिएका सम्पूर्ण उपकरण तथा हतियार प्रणाली दुरूस्त छन् तथा भविष्यमा भारतीय नौसेनाले यसको सफल प्रयोग गर्न सक्नेछन् भनेर प्रमाणित गरेको छ । ओडिशाको तटमा रहेको चंडीपुरस्थित एकीकृत परीक्षण दायराबाट परीक्षण गरिएको थियो । रक्षा मन्त्रालय का अनुसार निकै कम उचाइमा इलेक्ट्रोनिक लक्ष्य राखिएको थियो जस विरूद्ध क्षेप्यास्त्रले सफलतापूर्वक कार्य गरेको थियो । आईटीआर, चंडीपुर द्वारा तैनात धेरै निगरानी उपकरण प्रयोग यस क्षेप्यास्त्र को उडान मार्ग अनुगमन गरिएको थियो ।

पशु सेवा विभाग

## राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय

हरिहरभवन, ललितपुरको अनुरोध

- पशु नश्ल सुधारका माध्यमबाट पशुजन्य पदार्थको उत्पादन एवं उत्पादकत्व बढाई खाद्य तथा पोषण सुरक्षाको सुनिश्चितता गरौं ।
- घाँसमा आधारित पशु पालन गरी उत्पादन लागत घटाई खुद नाफा बढाऔं ।
- स्वस्थ्य तथा स्वच्छ पशुजन्य पदार्थ उत्पादनका लागि आफ्नो फार्ममा असल पशुपालन अभ्यास (Good Husbandry Practices) र असल उत्पादन अभ्यास (Good manufacturing Practices) को अवलम्बन गरौं ।
- रैथाने तथा लोपोन्मुख पशुपन्छीहरूको संरक्षण संवर्द्धन र सदुपयोग गरौं ।
- अनुत्पादक पशु वस्तुहरूलाई सडक तथा सार्वजनिक स्थानहरूमा छाडा नछाडौं ।
- आफ्नो पशुपन्छीहरूलाई नियमित रूपमा परजिवी नियन्त्रण गरौं तथा विभिन्न संक्रामक रोग विरूद्ध खोप लगाऔं ।

विस्तृत जानकारीको लागि

सम्पर्क

फोन : ०१-५५२२०३१

इमेल : info@nlrmpo.gov.np

## जिल्ला समाचार

### प्रदेशस्तरीय टी-२० क्रिकेट प्रतियोगिता हुदै

वीरगन्ज । वीरगंज महानगरपालिका वडा नं. १९ स्थित वर्वाको चौरीमा क्रिकेट प्रतियोगिता भव्यरूपमा हुन गइरहेको छ । लोकतान्त्रिक समाजवादी पार्टी नेपालको आयोजनामा प्रदेश नं. २ स्तरीय टि-ट्वेन्टी क्रीकेट प्रतियोगिता हुन गइरहेको छ । टि-ट्वेन्टी क्रिकेट प्रतियागिताको सम्पूर्ण तयारी र क्रिकेट सामग्रीहरू सांसद रमेश प्रसाद कुर्मीको संसदिय कोषबाट उपलब्ध गराइएको छ । प्रदेश २ बाट छनौट भएका क्रिकेट टिम अम्बे च्याम्पीयन क्रिकेट क्लब, वर्वा क्रिकेट क्लब लगायत ४ वटा टिमहरूले यस खेलमा प्रतिस्पर्धा गर्नेछन् । खेलको उज्जवल भविष्यका लागि तराई क्षेत्रमा लोकतान्त्रिक समाजवादी पार्टीले यस्ता खेलहरूको आयोजना गर्दै आइरहेका छन् । यस पटकको खेलको विजेताहरूलाई पार्टीद्वारा खेलाडीहरूलाई सम्मानित गरी जिन्सीहरू प्रदान गर्ने योजना रहेको सांसदका स्वकीय सचिव शेख फिरोजले जानकारी दिए । शनिबार भएको क्रिकेट सामग्री हस्तान्तरण कार्यक्रममा सांसद रमेश प्रसाद कुर्मी, वरिष्ठ नेता राम चन्द्र पडित, नगर नेता विरेन्द्र साह, नगर वरिष्ठ उपाध्यक्ष शेख फिरोज, नगर सदस्य भुवन यादव, र क्रिकेट टिमका क्यापटनहरू मा रमेश यादव, विवेक यादव , लगायतको उपस्थिति रहेको थियो ।

### सौताको छोरा हत्या गर्ने महिला पक्राउ

कैलाली । सौताको छोरालाई बिषादी खुवाई हत्या गरी फरार रहेकी बाजुरा खप्तड छेडेदह गाउँपालिका-२ घर भएकी कैलाली धनगढी उप-महानगरपालिका-२ मालिका टोल डेरा गरी बस्ने ३५ वर्षीया मागी रोकायालाई प्रहरीले पक्राउ गरेको छ । भारतमा रहेका मागीका श्रीमान ३५ वर्षीय बहादुर रोकायाले मंसिर २ गते आफन्तलाई फोन गरी मागी रोकाया सम्पर्क विहीन भएकोले डेरा कोठामा गई बुझी दिन भनि खबर गरेकोमा उनका आफन्तले उक्त डेरा कोठामा बालकको खुट्टामात्र अगाडिको झ्यालबाट देखिएको र कोठामा कोही नभएको भनी प्रहरी कार्यालयमा जानकारी गराएपछि खटिएको प्रहरीले हेर्दा मागीका सौताको छोरा धनगढी उपमहानगरपालिका-२ स्थित हिमालय एकेडमीमा अध्ययनरत १० वर्षीय निशान्त थापामगरको शव फेला परेको थियो । थप अनुसन्धानको लागि जिल्ला प्रहरी कार्यालय कैलालीबाट थप प्रहरी टोली खटिई फरार रहेकी मागी रोकायाको खोजी भईरहेकोमा उनी भारतको हरियाणामा रहेको जानकारी प्राप्त भएपछि भारतीय प्रहरीको सहयोग र समन्वयमा मागीलाई भारतको हरियाणा रोहतक प्रेम चोकमा फेला पारी नेपाल ल्याई पक्राउ गरेको हो । प्रारम्भिक अनुसन्धानको क्रममा मागी रोकाया र उनका श्रीमान बिच वादविवाद र झैझगडा भएको रिसले मागीले गत कात्तिक २९ गते निशान्त स्कूलबाट फर्किएपछि दुधमा बिषादी मिसाई खुवाई निजलाई कोठामा बस्दै गर्नु हामी बेलुका आउँछौ भनी आफ्ना छोरा र छोरी लगी भारततर्फ गएको खुल्न आएको छ । उनी उपर कर्तव्य ज्यान मुद्दामा जिल्ला अदालत कैलालीबाट म्याद थप अनुमति प्राप्त गरी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय कैलालीले जनाएको छ ।

### युवकको हत्यामा संलग्न १२ जना पक्राउ

कैलाली । लम्कीचुहा नगरपालिका-१ लम्की चौराह बस्ने २३ वर्षीय भुपेन्द्र बडुवालको गत कात्तिक २३ गते बेलुकी धारिलो हतियार प्रहार गरी हत्या भएको घटनामा संलग्न रहेको अभियोगमा १२ जनालाई प्रहरीले पक्राउ गरी सोमबार सार्वजनिक गरेको छ । पक्राउ पर्नेहरूमा लम्कीचुहा नगरपालिका -३ चिसापानी बस्ने २३ वर्षीय महेश रावल, २० वर्षीय धिरज भन्ने दिपेन्द्र शाही, २० वर्षीय आर्यन देवकोटा, १९ वर्षीय मदन शाही, सोही नगरपालिका-१ बस्ने २२ वर्षीय कपिल श्रेष्ठ, १८ वर्षीय किशोर, सोही नगरपालिका-५ बस्ने २८ वर्षीय विकास खड्का, टिकापुर नगरपालिका-१ बस्ने २३ वर्षीय प्रबिण रिमाल, सोही नगरपालिका-१ ब्लक नम्बर २५ बस्ने बर्दिया राजापुर नगरपालिका-७ घर भएका २१ वर्षीय रोहित आले, सोही ठाउँ ब्लक नम्बर १४ बस्ने २५ वर्षीय सोहन शाह, बर्दगोरिया गाउँपालिका-२ झगढपुर बस्ने २५ वर्षीय लोकेन्द्र कुँवर र बर्दिया ठाकुरबाबा नगरपालिका-३ गोदाना बस्ने २६ वर्षीय सन्तोष भन्ने सविन जंग शाही रहेका छन् ।

### फ्याक्ट्रीमा आगलागीबाट ३ करोडको क्षति

मोरङ । सुन्दरहरैचा नगरपालिका-५ बलियास्थित बाबादल खानेपानीको फ्याक्ट्रीमा विद्युत सर्ट भई सोमबार दिउँसो आगलागी हुँदा फ्याक्ट्रीभित्र रहेको सम्पूर्ण सामान जलेर करिब ३ करोड रूपैयाँ बराबरको धनमाल नष्ट भएको छ । प्रहरी, दमकल र स्थानीय बासिन्दाको सहयोगमा आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### योजनाहरूको अनुगमन

रौतहट । रौतहट जिल्लाको माधवनारायण नगरपालिकाको नगरप्रमुख बिरेन्द्र प्रसाद यादवको नेतृतवमा माधवनारायण नगरपालिका भित्र संचालनमा रहेको सबै योजनाको अनुगमन तिब्र रूपमा हुदै गरेको पाईएको छ । माधव नारायण नगरपालिकाको बजेट बाट नगरपालिका भरि संचालनमा रहेको सबै खालको योजनाको अनुगमनलाई नगरप्रमुख यादवले आफै फिल्डमा खटेर अनुगमन गरिरहेको हेरेर स्थानीयहरू चकित भएको छ । मेयर यादव पाहिला देखि नै माधवनारायण नगरपालिका भित्र रहेको योजनाहरूको अनुगमन गर्दै आइरहदा जनताले वहालाई झन् मन पराउन थालेको छ । विकासे योजनाको अनुगमनको क्रममा नगरप्रमुख बिरेन्द्र प्रसाद यादवले गुणस्तरहीन काम गरेको पाए पछि त्यस्ता योजनाको कुनै पनि हालतमा भुक्तानी नगरिने बताउनु भएको छ ।नगरप्रमुख यादव कडा एक्सनमा आए पछि अहिले योजनाहरूको जिम्मा लिएको ब्यक्ति या कन्स्ट्रक्सनको निन्द उड्न थालेको छ ।

### प्रहरीविरूद्ध प्रदर्शन

रौतहट । मोटरसाइकलले ठक्कर दिने व्यक्तिलाई प्रहरीले भगाएको आरोप लगाउदै दुर्गा भगवती ३ का स्थानीय बासिन्दाहरू प्रहरीको विरूद्ध गौर गंगापिपरा सडक खण्डमा टायर बालेर सोमवार प्रदर्शन गरेको छ । सनराइज बैंक दुर्गा भगवती शाखामा कार्यरत सुरक्षा गार्ड रविन्द्र साहलाई इलाका प्रहरी कार्यालय गंगापिपराका प्रहरीले भगाएको आरोप लगाउदै मोटरसाइकल ठक्करबाट मृत्यु भएको युवक सन्तकुमार झाको परिवार सहित मत्सरीका बासिन्दाहरू आज विहान ६ बजे देखि गौर पिपरा सडकखण्डको मत्सरीमा बाटो अवरूद्ध बनाई टायर बालेर प्रहरी विरूद्ध प्रदर्शनमा उत्रिएको थियो । दुर्गा भगवती गाउँपालिका वडा नम्वर ३ मत्सरीका चन्द्रकिशोर झाको १६ बर्षिय छोरा सन्तकुमार झालाई नेपाली नम्वर प्लेट भएको मोटरसाइलकले संस्कृत माध्यमिक विद्यालयको दक्षिण तर्फ गत शनिवार दिउसो ३ बजेको समयमा ठक्कर दिदा गम्भीर घाईते भएका थिए ।

### मेयर मण्डलद्वारा दलान शिलान्यास

महोत्तरी । मटिहानी नगरपालिकाका नगरप्रमुख हरिप्रसाद मण्डलले मटिहानी नगरपालिका-१ सानो धिरापुरमा खत्वे जातिको सार्वजनिक दलानको मंगलबार शिलान्यास गरेका छन् । मटिहानी नगरपालिकाको नगरस्तरिय योजनाअन्तर्गत करिव १२ लाखको लागतमा सो सार्वजनिक दलान निर्माण नगरपालिकाले जनाएको छ । शिलान्यास कार्यक्रममा मटिहानी न.पा.वडा नम्बर १ का वडाध्यक्ष शिवशंकर राय, वडा सदस्यहरू किसुन सहनी, कुलेश्वर दास, स्थानीयहरू हरिचन्द्र साह, इन्द्रजीत साह, अब्बास अन्सारी, वैधनाथ मण्डल खत्वे, प्राविधिक विमलेश साह, दिनेश साह, अनिल साहलगायत सहभागी थिए ।



# असाधारण साहस र लगनशीलताको प्रतीक रावत



बुधबार दिउँसो तमिलनाडुको कुन्नूर नजिकै भारतीय वायुसेना (आईएएफ) को हेलिकप्टर दुर्घटना भएको छ। यस दुखद दुर्घटनामा परी मृत्यु हुने १३ व्यक्तिहरूमध्ये रक्षा प्रमुख जनरल बिपिन रावत र उनकी पत्नी मधुलिका रावत थिए। दुर्घटनामा बाँचेका जीपी क्याप्टेन वरूण सिंह अहिले वेलिंग्टनको सैन्य अस्पतालमा उपचाररत छन्।

पूर्व सेना प्रमुख, जनरल विपिन रावतलाई सन् २०१९ मा भारतको पहिलो चीफ अफ डिफेन्स स्टाफको रूपमा नियुक्त गरिएको थियो। जनरल रावत डिफेन्स सर्भिसेज स्टाफ कलेज, वेलिंग्टन (निलगिरी हिल्स) को स्टाफ कोर्सका संकाय र विद्यार्थी अधिकारीहरूलाई सम्बोधन गर्न भ्रमणमा गएका थिए। हेलिकप्टर कोइम्बटूरको सुलुर स्थित वायुसेना बेसबाट निलगिरि पहाडमा रहेको वेलिंग्टनका लागि उडेको केही समयपछि नै दुर्घटना भएको थियो। भारतीय वायुसेनाले बुधबार दिउँसो २ बजे दुर्घटना भएको पुष्टि गरेको छ।

भारतीय वायुसेनाले ट्विटरमा जानकारी दिदैं भन्यो, "आज दिउँसो आईएएफ एमआई १७ भि५ हेलिकप्टर को कुन्नुर तमिलनाडुमा दुर्घटना भएको छ। ४ सदस्य दल सहित सिडिएस र ९ अन्य यात्रु को मृत्यु भएको छ।' मृत्युको आधिकारिक पुष्टि भएपछि विभिन्न व्यक्तित्वहरूले शोक व्यक्त गरेका छन्।

राष्ट्रपति रामनाथ कोविन्दले राष्ट्रपति भवनको आधिकारिक ट्विटर ह्यान्डलमा भने, "जनरल बिपिन रावत र उनकी पत्नी मधुलिका जीको असामयिक निधनले म स्तब्ध र दुखित छु। राष्ट्रले आफ्नो एक बहादुर छोरा गुमाएको छ। मातृभूमिको लागि उनको चार दशकको निःस्वार्थ सेवा असाधारण छ। उनको परिवारलाई समवेदना।" प्रधानमन्त्री नरेन्द्र मोदीले पनि गहिरो दुःख व्यक्त गरेका छन्।

"तमिलनाडुमा भएको हेलिकप्टर दुर्घटनाबाट म निकै दुःखी छु, जसमा हामीले जनरल बिपिन रावत, उनकी पत्नी र सशस्त्र बलका अन्य कर्मचारीहरू गुमाएका छौं। उनीहरूले अत्यन्त लगनशीलताका साथ भारतको सेवा गरे। मेरो समवेदना शोकसन्तप्त परिवारहरूसँग छ।' उनले जनरल बिपिन रावतलाई "उत्कृष्ट सिपाही" भनेर वर्णन गर्नुभएको छ।

"एक सच्चा देशभक्तको रूपमा उहाँले हाम्रो सशस्त्र बल र सुरक्षा उपकरणको आधुनिकीकरण गर्न ठूलो योगदान दिनुभयो। रणनीतिक मामिलामा उहाँको अन्तरदृष्टि र दृष्टिकोण असाधारण थियो। उहाँको निधनले म स्तब्ध छु। ओम शान्ति," उनले थपे।

"भारतको पहिलो सीडीएसको रूपमा, जनरल रावतले रक्षा सुधार सहित हाम्रो सशस्त्र बलसँग सम्बन्धित विविध पक्षहरूमा काम गरे। उनले आफूसँग सेनामा सेवा गर्ने समृद्ध अनुभव ल्याए। भारतले उनको असाधारण सेवालाई कहिल्यै बिर्सने छैन," प्रधानमन्त्री मोदीले भने। रक्षामन्त्री राजनाथ सिंहले उनको असामयिक निधनले हाम्रो सशस्त्र बल र देशको लागि अपूरणीय क्षति भएको बताएका छन्।

"जनरल रावतले असाधारण साहस र लगनशीलताका साथ देशको सेवा गरेका थिए। रक्षा स्टाफको पहिलो प्रमुखको रूपमा उहाँले हाम्रो सशस्त्र बलको संयुक्तताका लागि योजनाहरू तयार गर्नुभएको थियो," उनले ट्विटरमा एक पोस्टमा भने।

रक्षामन्त्री र सेना प्रमुख एमएम नरवाने आधिकारिक घोषणा आउनु अघि दिल्लीमा जनरल रावतको घर गएका थिए। भारतीय सेनाले मृतकप्रति दुःख व्यक्त गरेको छ।

"जनरल एमएम नरवाने ३सिओएएस र ३भारतीयसेना का सबै अधिकारी ३कुन्नुर मा एक दुर्भाग्यपूर्ण हवाई दुर्घटनामा जनरल बिपिन रावत ३सिडिएस, श्रीमती मधुलिका रावत र बोर्डमा रहेका अन्य ११ यात्रुहरूको असामयिक निधनमा हार्दिक शोक व्यक्त गर्दछन्।"

"जनरल बिपिन रावतको गतिशील र प्रेरणादायक नेतृत्व हाम्रो सम्झनाहरूमा सदाको लागि बाँनेछ। भारतीय सशस्त्र बल उहाँको अमूल्य योगदानको लागि सधैं ऋणी रहनेछ," भारतीय सेनाले थप्यो।

# जानकी मन्दिरलाई छिट्टै विश्व सम्पदा सूचिमा राखिने




काठमाडौं। संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेले ऐतिहासिक जानकी मन्दिरलाई छिट्टै विश्व सम्पदा सूचिमा सूचिकृत गराउने प्रतिबद्धता व्यक्त गरेका छन्। मिथिला संस्कृति समाज नेपालले शनिबार काठमाडौंमा आयोजना गरेको श्रीराम जानकी विवाहोत्सव-२०७८ तथा श्रष्टा सम्मान एवं विचार गोष्ठी कार्यक्रममा प्रमुख अतिथिको आसनबाट मन्त्री आलेले यस्तो आश्वासन दिएका हुन्। 'सभ्यताको हिसावले मिथिला सभ्यता धेरै धनी रहेको छ। पशुपतिनाथभन्दा धेरै पूरानो रहेको जानकी मन्दिर हो,' उनले भने, 'म पर्यटन, संस्कृति तथा नागरिक उड्डयनमन्त्रीको हैसियतले अब छिट्टै नै जानकी मन्दिरलाई विश्व सम्पदा सूचिमा राख्नका लागि आफ्नो तर्फबाट भरपूर कोशिस गरेर जुनसुकै हालतमा पनि राख्न लाग्नेछु।' मन्त्री आलेले नेपालकै सबभन्दा ऐतिहासिक र धार्मिक आस्था बोकेको जनकपुरधामको जानकी मन्दिरलाई आफ्नै कार्यकालमा विश्व सम्पदा सूचिमा राख्न विशेष पहल गर्ने प्रतिबद्धता जाहेर गरेका छन्। 'श्रीराम जानकी विवाहोत्सवको अवसरमा सम्पूर्ण मिथिलावासीमा शुभकामना व्यक्त गर्न चाहन्छु,' मन्त्री आले भने, 'मिथिला सभ्यता भनेको हजारौं वर्ष पूरानो हो। मिथिला सभ्यता कला, संस्कृति, सँगीत, भेषभूषा लगायत हरेक क्षेत्रमा धनी रहेको छ।' उनले यसै विवाह पञ्चमीको दिन भारतका लाखौं भक्तजन जनकपुरधामको जानकी मन्दिरमा आएर दर्शन गर्ने गरेको उल्लेख गरे। तीन वर्ष अगाडि भारतका प्रधानमन्त्री नरेन्द्र मोदी विवाहपञ्चमीकै दिन जनकपुरधाम आएर माता जानकीको पुजाआजा गरेको स्मरण मन्त्री आलेले गरेका हुन्। उनले नेपालमा भगवान पशुपतिनाथ जति नै जानकी मन्दिर पनि महत्वपूर्ण रहेको बताए। उनले आफ्नो मन्त्रालयबाट हुनसक्ने सबै किसिमको सहयोग जानकी मन्दिरका निम्ति उपलब्ध गराउने प्रतिबद्धतासमेत जनाए। सो कार्यक्रममा मन्त्री आलेलाई मिथिला संस्कृति समाजले मायाको चिनासमेत प्रदान गरेको थियो। मिथिला संस्कृति समाजका अध्यक्ष वीरेन्द्र ठाकुरको अध्यक्षतामा भएको कार्यक्रममा विशिष्ट अतिथि राष्ट्रिय समाजसेवी प्रा.डा.जगदीश वैद्यले पनि श्रीराम जानकी विवाहोत्सवको शुभकामना मन्तव्य दिएका छन्। उनले मिथिला संस्कृतिको चर्चा गर्दै यसको संरक्षणका लागि सबैले आआफ्नो तर्फबाट योगदान पुर्‍याउन आग्रह गरेका थिए। यस्तै, कार्यक्रममा कार्यक्रममा मिथिलाञ्चलको संस्कृति र संस्कारलाई बचाई राख्ने संस्कृतिविद् तथा सो क्षेत्रमा महत्वपूर्ण योगदान दिने व्यक्तित्वहरूलाई स्रष्टा सम्मानसमेत गरिएको थियो। यसैगरी कार्यक्रममा राम मन्दिर थापाथलीका महन्थ राम स्वरूप दास वैष्णव, साहित्यकार तथा लेखिका रेखा यादव, समाजसेवी विनोद अग्रवाल, तराई मधेश राष्ट्रिय परिषद्का संयोजक अधिवक्ता विकास कुमार ठाकुर, समाजसेवी रामप्रवेश साह, श्री माँ दुर्गा भवानी पुजा एवं हिन्दू संस्कृति परिषद्का अध्यक्ष राम शोभित नायक, साबित्री अगरबती उद्योगका प्रबन्धक पुस्कर केसी, याक एण्ड यतिका असिस्टेन्ट मेनेजर उमेश देव लगायतको उपस्थिति रहेको थियो।

# महावाणिज्य दूतावासद्वारा ब्याडमिन्टन प्रतियोगिता

वीरगञ्ज। 'आजादी का अमृत महोत्सव'को अवसर वीरगन्जस्थित भारतीय महावाणिज्य दूतावासद्वारा ब्याडमिन्टन प्रतियोगिता आयोजना गरिएको छ। वीरगन्जका सरकारी अधिकारीहरू र महावाणिज्य दूतावासबीच सुमधुर सम्बन्ध बढाउन तथा खेलकुद र तन्दुरूस्तीको महत्वलाई उजागर गरी खेलभावना विकास गर्न उद्देश्यले ब्याडमिन्टन प्रतियोगिता आयोजना गरिएको हो। प्रतियोगितामा महावाणिज्य दूतावास, जिल्ला प्रशासन कार्यालय वीरगन्ज, जिल्ला प्रहरी कार्यालय वीरगन्ज, जिल्ला सशस्त्र प्रहरी कार्यालय वीरगन्ज, क्षेत्रीय कारागार कार्यालय वीरगन्ज र नेपाल राष्ट्र बैंक वीरगन्जका पदाधिकारी सम्मिलित पाँच डबल्स टोलीले सहभागिता जनाएका थिए। सौहार्दताको प्रतीकको रूपमा, प्रत्येक टोलीका दुई सदस्यहरूमा विभिन्न संघसंस्थाका प्रतिनिधिहरू थिए। सहायक सीडीओ र नेपाल प्रहरीका प्रतिनिधि सम्मिलित टोली विजेता घोषित भए भने प्रमुख जिल्ला अधिकारी र नेपाल राष्ट्र बैंकका प्रतिनिधि सम्मिलित टोली उपविजेता घोषित भए। प्रतियोगितामा वाणिज्य दूतावासका पदाधिकारी, कर्मचारी र सहभागी संघसंस्थाको संख्यामा दर्शकको रूपमा उपस्थिति रहेको थियो। विजेता र सहभागी टोलीलाई महावाणिज्यदूत नितेश कुमारद्वारा ट्रफी हस्तान्तरण गरिएको थियो।

## आर्थिक समाचार

# 'नेपाल लाइफ समुन्नत जीवन' जीवन बीमा योजना सार्वजनिक

काठमाडौं। नेपाल लाइफ इन्स्योरेन्स कम्पनीले "नेपाल लाइफ समुन्नत जीवन" जीवन बीमा योजना मंगलबार सार्वजनिक गरेको छ। कम्पनीले समय सापेक्ष ग्राहकको चाहना तथा अभिकर्ताहरूको सुझावलाई मध्यनजर गर्दै नयाँ नयाँ जीवन बीमा योजनाहरू ल्याउने क्रममा "नेपाल लाइफ समुन्नत जीवन" जीवन बीमा योजना प्रस्तुत गरेको हो। यो जीवन बीमा योजना मुनाफामा सरिक हुने सावधिक जीवन बीमा हो। विकासोउन्मुख देश र भौगोलिक बनावटका कारणबाट नेपालको जीवन यापनमा जोखिम रहेको पाइन्छ। विकासको गति बढेसँगै ठूला ठूला परियोजनाहरू, हाइड्रोपावरहरू, भवन निर्माण लगायतका निर्माण कार्यतिव्र गतिमा अघि बढेका छन्। यस्तो विकास निर्माणका काममा जोखिम बढि रहेको हुन्छ। साथै अन्य जोखिमयुक्त पेशाहरू जस्तै डाक्टर, इन्जिनियर, बाइक राइडर, फ्याक्ट्री वर्कर देखि लेबरसम्मका पेशा अपनाउने व्यक्तिहरूलाई लक्षित गरेर यो "नेपाल लाइफ समुन्नत जीवन" जीवन बीमा योजना ल्याएको हो।

यसरी बढी जोखिमयुक्त पेशामा लागेका व्यक्तिको एउटै बीमालेखबाट अधिकतम जोखिम वहन गर्ने विशेषता भएको बीमा योजनाको माग भएको सर्वेक्षणका आधारमा कम्पनीले"नेपाल लाइफसमुन्नत जीवन"जीवन बीमा योजना यहाँहरूमाझ ल्याएको हो। यस बीमा योजनाको मूख्य आकर्षण भनेको बीमाअवधि भित्र बीमितको दुर्घटनाका कारण मृत्यु भएमा बीमाङ्क रकमको तेब्बर र आर्जित बोनसबीमितका इच्छाइएको व्यक्तिलेभुक्तानिप्राप्त गर्न सक्नु हो। यो बीमालेख १८ वर्षदेखि ६० वर्ष उमेर समुहका व्यक्तिले लिन सक्नेछन्। ५ वर्षदेखि अधिकतम ३० वर्षसम्म अवधिको बीमा लिन सकिने छ भने १८ वर्ष देखि ६० वर्षसम्मै घातक रोग उपचार खर्च योजना ऐच्छिक सुविधा लिन सकिनेछ। अतिरिक्त बीमाशुल्क तिरेर बीमाङ्क रकम बराबर वा अधिकतम रू. ५०,००,०००/-(पचास लाख) सम्मको घातक रोग उपचार खर्च योजनामा सामेल हुन सकिनेछ। यो बीमालेखको बीमा समाप्तिअधिकतम६५ वर्ष उमेरमा हुनेछ। रू. ५०,०००/-(पचास हजार) देखि रू. १,००,००,०००/-(एक करोड) सम्मको बीमाङ्क रकमको बीमा गर्न सकिनेछ। वार्षिक, अर्धवार्षिक, त्रैमासिकर मासिकरूपमा बीमा शुल्क भुक्तानि गर्न सकिने "नेपाल लाइफ समुन्नत जीवन" जीवन बीमा योजनामा वार्षिक बीमा शुल्क तिर्ने तरिका लिँदा १% छुट, त्रैमासिक बीमा शुल्क तिर्ने तरिका लिँदा ३% थप र मासिक बीमा शुल्क तिर्ने तरिका लिँदा ६% थप लाग्नेछ भने अर्ध वार्षिक बीमा शुल्क तिर्ने तरिका लिँदा प्रीमियममा थप घट हुने छैन। बीमालेख चालु रहि बीमा अवधि समाप्त मितिसम्म बीमित जीवित रहेमा बीमा अवधि समाप्तीको अन्त्यमा बीमाङ्क रकम + आर्जित बोनस एकमुष्ट बीमितलाई भुक्तानी दिइने छ।

बीमालेख चालु रही बीमा अवधि भित्र जुनसुकै कारणबाट (बीमालेख अन्तर्गत नपर्ने जोखिमहरू बाहेक) बीमितको मृत्यु भएमा दुई गुणा बीमाङ्क रकम + आर्जित बोनश एकमुष्ट बीमितको इच्छाइएको व्यक्तिलाई भुक्तानी दिइने छ। बीमा अवधि भित्र बीमितको दुर्घटनाको कारणबाट मृत्यु भएमा बीमालेखमा उल्लेख भएको तीन गुणा बीमाङ्क रकम + आर्जित बोनश रकम एकमुष्ट बीमितको इच्छाइएको व्यक्तिलाई भुक्तानी दिइनेछ। यदि कदम्कदाचित बीमालेखलाई निरन्तरता दिन नसक्ने अवस्था आएमा वार्षिक ३किस्ता बीमाशुल्कभुक्तानी गर्नुको साथै बीमा प्रारम्भ मितिबाट ३ वर्ष पुरा भए पश्चात समर्पण मूल्यप्राप्तगर्न सकिनेछ। वार्षिक ३ किस्ता बीमाशुल्क भुक्तानी गर्नुको साथै बीमा प्रारम्भ मितिबाट ३ वर्ष पुरा भए पश्चात बीमालेखलाई धितो राखि समर्पण मूल्यको ९० प्रतिशतसम्मकर्जा प्राप्तगर्न सकिनेछ।

# मधेशको...

चित्रलेखा यादव, शेख इद्रिस, वसन्त गुरूङ, रामकृष्ण यादव, रामसरोज यादव, महेन्द्र यादव, गणेश नेपाली जस्ता संघर्षशील नेताहरू मधेशकै हुन। मधेश कांग्रेसको आधार क्षेत्र मानिन्थ्यो तर नेपाली कांग्रेसको अन्तरकलह तथा गुटउपगुटका कारणले मधेशमा कांग्रेसको अवस्था बिग्रँदै गयो। यही कारणले मधेशी दलको उत्पादन भयो।

नेपाली कांग्रेसको जग बलियो बनाउन मधेशले खेलेको भूमिका र योगदानको साक्षी नेपालको इतिहास छ। राणाशासनविरूद्धको संघर्ष, पञ्चायती व्यवस्थाको अन्त्य र लोकतन्त्र एवं गणतन्त्रको स्थापनाको साथै गणतान्त्रिक संविधानको निर्माणमा मधेशले सधैं अग्रणी भूमिका निर्वाह गरेको छ। ६ दशकभन्दा बढीको यस कालखण्डमा मधेसशाट कांग्रेसले नेतृत्व पाउन सकेको छैन, कांग्रेसको यो दुर्भाग्य हो।

नेपाली कांग्रेसमा मधेशको ठूलो लगानी छ। प्रजातान्त्रिक आन्दोलनमा मधेशले धेरै गुमाएको छ। मधेश र कांग्रेस एकै रथका पाङ्गा हुन्। प्रजातान्त्रिक आन्दोलनमा मधेश राजा महेन्द्रदेखि ज्ञानेन्द्रसम्म प्रताडित भएको छ। प्रजातन्त्र संकटमा पर्दा जस्तोसुकै बलिदानी र त्याग गर्न मधेश तयार रहिआएको छ। मधेशमा देखिएको राष्ट्रियता र प्रजातन्त्र प्रतिको भावनालाई बिपीले जहिले पनि प्रशंसा गर्थे। २०३६ सालको जनमत संग्रह ताका काठमाडौंको टुँडिखेल खुल्लामञ्चबाट मधृशबासीमा देखिएको प्रबल राष्ट्रियता र प्रजातान्त्रिक भावनाबारे सगर्व अभिव्यक्त गरेका थिए।

त्यति मात्र होइन, त्यसपछि २०३७ सालमा सुधारिएको पञ्चायती व्यवस्थाको संविधान निर्माण हुँदा बिपी कोइरालाले तात्कालीन संविधान सुधार आयोगलाई मधेशबासीको हक र अधिकार सुरक्षित पार्नका लागि दिनु भएको सुझाव अहिलेको परिप्रेक्ष्यमा पनि त्यत्तिकै सान्दर्भिक छ। २०३७ साल असार ७ गते उनले दिएको सुझाव यस प्रकारका थिए:

(१) संविधानमा तराईबासीको भाषा, नागरिकता, सरकारी सेवा एवं राजनीतिमा उनीहरूको प्रश्नलाई ध्यानमा अवश्य राखियोस्।

(२) निर्वाचनको गठनको आधार जिल्ला नराखी जनसंख्यालाई आधार बनाउने हुनुपर्छ। संशोधित संविधानमा नेपाली जनताको सम्पूर्ण राजनीतिक अधिकारको उपभोग गर्ने हकका साथै रोटी पाउने हकको ग्यारेन्टी हुनुपर्छ।

यसरी मधेशका समस्यालाई नेपाली कांग्रेसले आफ्नो दायित्वमा लिई गम्भीरतापूर्वक समाधान गर्नुपर्छ भन्ने मधेशको चाहना हो तर कांग्रेसले मधेशको चाहना सम्बोधन गर्न सकेको छैन। मधेशप्रति कांग्रेसको बढी जिम्मेवारी छ। लोकतन्त्र र गणतन्त्रलाई सफलतापूर्वक सञ्चालन गर्न मात्र नभई नयाँ संविधानलाई कुशल कार्यान्वयन गर्न पनि मधेशका मागलाई सम्बोधन गर्नु पर्छ। मधेशका मागलाई अरू कम्युनिष्ट पार्टी जस्तो बेवास्ता र तन्काउनु हुँदैन।

**मधेशसँग बेइमानी**

जनआन्दोलन २०६२-६३ को हाराहारीमा जुन समावेशी दल बनाउने अभियान देखिन्थ्यो, नेपाली कांग्रेस स्वयंमा पनि त्यो उत्साह देखिन्न भन्ने आधार मधेशी, दलित र आदिवासि जनजातिको निरन्तर घट्दो सहभागिताले देखाउँछ। मधेशका सवालमा १२औं महाधिवेशनमाभन्दा १३औं महाधिवेशनमार्फत भएको सहभागितामा केही उत्साहजनक देखिए पनि यस पटक त्यो संख्या पनि ह्वात्तै घट्ने देखिन्छ।

दलको विधानमा नै समावेशी प्रावधान राखेर जानेमा नेपाली कांग्रेस अगाडि रहेको भएपनि अहिले त्यो संख्या घटिरहेको छ।

सबैभन्दा पुरानो र ठूलो लोकतान्त्रिक पार्टी नेपाली कांग्रेसको मधेशसँगको सम्बन्धलाई परिवर्तित परिस्थिति अनुसार हेर्न सक्नुपर्छ। त्यस क्षेत्रका जनताको भावना बुझेर समस्या समाधानको बाटो पहिल्याउनु आवश्यक छ। संविधान घोषणापश्चात मधेशमा देखिएका असन्तुष्टि अहिलेको सबैभन्दा पेचिलो विषय बनेको छ, जुन संविधान र यसको भविष्यसँग गाँसिएको छ। संविधान घोषणापश्चात दुइटा जिम्मेवारी नेपालीको काँधमा थपिएका छन्-संविधानको रक्षा र कार्यान्वयन। संविधानको रक्षामा सबैको एकमत हुनसक्छ। तर यसको कार्यान्वयनको लागि संशोधनजस्ता विषयहरूमा मत विभाजित हुनसक्छ।

तर बुद्धिमत्तापूर्ण ढङ्गले सहमति जुटाई संविधानमा संशोधन परिमार्जन गर्नु र असन्तुष्ट क्षेत्र र वर्गलाई सम्बोधन हुने व्यावहारिक कदम चाल्नु राजनीतिक नेतृत्वको पहिलो जिम्मेवारी हुनेछ। त्यसमा पनि देशको सबैभन्दा ठूलो लोकतान्त्रिक पार्टी नेपाली कांग्रेसले यस विषयमा पहिलो जिम्मेवारी बहन गर्नुपर्छ र यो कांग्रेसको हैसियत अनुरूप हुनेछ। विषयवस्तुको यो चुरोलाई कांग्रेसले बुझ्न सक्नुपर्छ। बुझ्न सकेन भने नेपाली कांग्रेस स्वयं र मुलुकको भविष्यसमेत संकटमा पर्न सक्छ। अहिलेको लागि प्रमुख रूपमा मधेश नै हो, जुन सबैको चासो र चिन्ताको विषय बनेको छ। नेपाली कांग्रेसको मधेश हेर्ने दृष्टिकोण नेपालका अन्य राजनीतिक दलहरूको भन्दा फरक छ, रहनुपर्छ। त्यस्तो स्वाभाविक सम्बन्धलाई चटक्क छोडेर 'राष्ट्रवाद'का नाममा नेपाली कांग्रेसले अन्य दलहरूले जस्तै काठमाडौं केन्द्रित नीति र सिद्धान्तहरूलाई नै नेपाली राष्ट्रवादको अकाट्य सिद्धान्त मानेर हिँड्नु हुँदैन। यसबाट कांग्रेसको मधेशसँगको स्वाभाविक तन्तु अझ कमजोर हुनेछ।

# विमलेन्द्र...

महाधिवेशन प्रतिनिधि रहेको प्रदेश २ नै उनको पक्षमा कति महाधिवेशन प्रतिनिधि उभिन्छन् भन्न कठिन छ। काँग्रेस नेताहरूका अनुसार उनको उम्मेदवारी घोषणा र मधेशको महोल हेर्दा निधिका लागि राम्रो सङ्केत देखिएको छैन। पूर्व उपप्रधानमन्त्री तथा पार्टीको उपसभापति निधिले जिम्मेवारी अनुसार आफ्नो उपस्थिति विस्तार गरेको देखिएको छैन। प्रदेश २ मात्र होइन अन्य प्रदेशमा पनि निधि भनेर कार्यकर्ता खुलेर आउन सकेको देखिँदैन।

राजनीति विश्लेष्क पुरञ्जन आचार्य निधिले सभापतिमा जित्ने आधार सुनिश्चित नरहेको बताउँछन्। उनले भने, 'विमलेन्द्र निधि जित्न नसक्ने मुख्य कारण उहाँले शेरबहादुर देउवालाई आफ्नो साथमा लिन सक्नुभएन। अन्य फ्याक्टरहरू पनि छन्। निधिलाई नेपालको जुन फरक-फरक सांस्कृतिक समूहहरू छन्, त्यहाँ उहाँलाई स्वीकार्न सक्ने ठूलो छाती भएको पात्रहरू छन् जस्तो लाग्दैन।' निधिले प्रदेश २ मा संगठन भन्दा पनि व्यक्तिगत मत ल्याउन सक्ने आकंलन छ। निधिको निश्चित मतदाता निकै कम रहेकाले उनले मत पनि कमै ल्याउन सम्भावना पनि छ। देउवा आफैं सभापतिको उम्मेदवार भएकाले निधिलाई समस्या भएको हो। अर्को समस्या भनेको मधेशमा देउवा र निधिका एउटै मतदाता छन्। कार्यकर्ताले निधिभन्दा देउवालाई मत दिने कतिपयको भनाइ छ। निधि निकट एक कार्यकताले भने, 'देउवाजी अहिले प्रधानमन्त्री हुनुहुन्छ, गृह मन्त्रालयदेखि अन्य मन्त्रालय पनि उहाँकै गुटका छन्, त्यसले अवश्य फरक पर्न सक्छ, निधिजी अहिले सरकारमा हुनुहुन्न। त्यही भएर चुनावमा उहाँले कति मत तान्न सक्नुहुन्छ त्यो उहाँको क्षमतामा भर पर्ने कुरा हो।'

निधि पनि पार्टीका शक्तिशाली नेता भएको भन्दै महाधिवेशनमा उनको शक्ति कति छ भनेर यो महोधिवेशनले देखाउने छ। उनले कति मत तान्न सक्छन् त्यो उनको शक्तिमा भर पर्छ। महाधिवेशन उनको लागि शक्ति परीक्षण पनि हो।

# बेनर्जीलाई निम्तो

काठमाडौं। सत्तारूढ नेपाली कांग्रेसले पार्टीको आसन्न १४औं महाधिवेशनमा भारतको पश्चिम बंगालकी मुख्यमन्त्री ममता बेनर्जीलाई निम्तो पठाएको छ। कांग्रेस सभापति तथा प्रधानमन्त्री शेरबहादुर देउवाले भारतको अल इन्डिया तृणमुल कंग्रेसकी अध्यक्षसमेत रहेकी बेनर्जीलाई महाधिवेशनको उद्घाटन सत्रमा सहभागिताका लागि निम्तो पठाएका हुन्। 'तपाईंको गरिमामय उपस्थितिले हाम्रो यस क्षेत्र तथा अन्यत्र समेत लोकतन्त्रको सुदृढीकरण तथा हाम्रा दुई पार्टीबीचको सम्बन्ध विकसित गर्नका लागि मिलेर अघि बढ्न प्रोत्साहित गर्नेछ', सभापति देउवाले बेनर्जीलाई पठाएको पत्रमा भनिएको छ।

# नेपाली जनसम्पर्क समिति भारतमा पाण्डे तेस्रो पटक विजयी

काठमाडौं। नेपाली कांग्रेस निकट नेपाली जनसम्पर्क समिति भारतको अध्यक्षमा बालकृष्ण पाण्डे तेस्रो कार्यकालका लागि विजयी भएका छन्। उनी संस्थापन पक्षका हुन्।

पन्जाबको चण्डीगढमा आइतबार भएको ९औं अधिवेशनबाट पाण्डे तेस्रो कार्यकालका लागि निर्वाचित भएका हुन्। उनी कांग्रेसका आमन्त्रित केन्द्रीय सदस्यसमेत हुन्। पाण्डे ११६ मतका साथ विजयी भएका हुन् भने अर्का प्रत्यासी धर्मागत काफ्लेले ४६ मत पाए।


**ज्येष्ठ नागरिकको सम्मान गरौं, सभ्यताको परिचय दिऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड



## मिथिला दर्शन
टीभी कार्यक्रम हेर्न नभुल्नु होला।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रवर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुनः प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ।

**विशेष जानकारीका लागि सम्पर्क**

मोबाइल : ९८४३१४६४८८

**कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि**

Email : bsmedia65@gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं